CC-0. In Public Domain. Digitization by eGangotri

प्रभु - दर्शन

माधुरी भट्टराई

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

प्रभु - दर्शन

माधुरी भट्टराई

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशक - नेपाली साहित्य -मन्दिर

५०० प्रति

मुद्रक :- प्रिन्टर्स युनिभर्स प्रा.लि.
फोन नं. ४१९०३६

CC-0. In Public Domain. Digitization by eGangotri

प्रभु-दर्शन-को दर्शन गर्दा

-प्रा. शिवगोपाल रिसाल

१. श्रीपरब्रम्ह परमात्मा परमेश्वरमा अत्यन्त प्रेम हुनु नै भक्ति हो । "सा त्वस्मिन परमप्रेमरुपा" (नारद भक्तिसूत्र २) । भक्तिकै परिभाषाका अनुक्रममा शाण्डिल्यसूत्रमा भनिएको छ-सा परानुरक्तिरीश्वरे । भगवानमा परम अनुरक्ति-परमप्रेम-परमश्रद्धा-परमविश्वास नै भक्ति हो । भक्ति भावप्रधान हुन्छ, यसको हृदयसंग सम्बन्ध हुन्छ । त्यसैले त्यहाँ तर्क-वितर्कको भन्दा पनि श्रद्धाको स्थान ज्यादा उच्च रहन्छ । भक्त भगवानमा भावाविभोर भएर तल्लीन भएपछि भगवान र भक्तमा एकाकारको अनुभूति हुन्छ, त्यति बेला यति आनन्द हुन्छ-भगवान् र भक्तिमा वास्तवमा भेद रहँदैन । भक्तिको स्वरुप लक्षण गर्ने अनुक्रममा नारद भन्नुहुन्छ-

अमृतस्वरुपा च । (नारदभक्तिसूत्र ३) भक्ति अमृतस्वरुप हुन्छ । यो त भगवानका आल्हादयी शक्तिको सारसर्वस्व हो । परमानन्दस्वरुपको स्वरुपभूत आनन्द नै भक्ति हो । कतिसम्म भनिएको छ भने परमात्मालाई आफ्नो स्वरुपभूत आनन्दको रसास्वर गर्न मन लाग्यो भने भक्तका हृदयमा स्वयम नै त्यस आनन्दलाई स्थापित गर्नुहुन्छ र त्यही आनन्दको आस्वाद गर्नुहुन्छ । भनेपछि आनन्दकै अर्को नाम भगवान

CC-0. In Public Domain. Digitization by eGangotri

हुनुहुन्छ अनि भक्ति पनि आनन्द नै हो । अमृतस्वरुप भन्नुको तात्पर्य पनि आनन्दकै द्योतन गर्नु हो साथै परमात्मालाई आनन्दमा र अमृततत्वमा सीमित गर्न खोज्नु हो ।

२. भक्तिभित्र देशको सीमा छैन, नियम र विधिको विधान छैन, वर्णको वर्गीकरण छैन, आश्रमको घेरो छैन, लिङ्गको भेद छैन, जातको पावन्दी छैन, समयको साँध छैन, तिथी र मितिको परिधी छैन- केवल भावना भए पुग्छ, श्रद्धा भए पो पुग्छ, समर्पण भए पुग्छ । भगवानलाई खुशी पार्न सामग्री चाहिँदैन भक्ति भए पुग्छ-अहैतुकी भक्ति । भगवान भन्नुहुन्छ -

पत्रं पुष्पं फलं तोयं यो मे भक्त्या प्रयच्छति ।
तदहं भक्त्युपछतमस्नामी प्रयतात्मन ॥
(श्री मद्भगवदगिता ९।२६)

(जो भक्त पत्र, पुष्प, फल, जल, आदि (यथासाध्य प्राप्त वस्तु) लाई भक्तिभावपूर्वक मलाई अर्पण गर्दछन् ती ममा नै तल्लीन अन्त:करण भएका भक्तद्वारा भक्तिपूर्वक चढाइएको उपहार (भेट) लाई म खान्छु अर्थात भोग गर्दछु ।)

सार कुरो हो-भगवान् भावको, भक्तिको, प्रेमको भोको हुनुहुन्छ, वस्तुको किंवा सामग्रीको होइन । प्रेमले अर्पण गरिएका कुनै पनि वस्तु प्रेमले ग्रहण गर्नुहुन्छ ।

३. भक्तिले भावविभोर भएर अभिव्यक्त गरिएका भक्तिदायक कविता, भजन वा अन्य कुनै उद्गार पनि

CC-0. In Public Domain. Digitization by eGangotri

भगवान प्रेमले स्वीकार गर्नुहुन्छ र भक्तको मनोवाञ्छा पूर्ण गरिदिनुहुन्छ । स्तुति, प्रार्थना, स्तोत्र आदि यसैभित्र पर्दछन् श्रीमती सदा सौभाग्यवती कवयित्री माधुरी भट्टराई यसै क्षेत्रको एकलब्ध प्रतिष्ठ साधिका, भक्तिनी, योगिनी र सदाकाल परमात्मा राममा समर्पित गृहस्थ तपस्विनी हुनुहुन्छ । प्रस्तुत ग्रन्थ प्रभु-दर्शन प्रकाशित भएपछि कवयित्री माधुरीज्यूका ठीक एक दर्जन भक्तिकाव्यको संख्या पुग्छ । तिनमा अन्य भक्ति काव्यका अतिरिक्त तुलसीदासकृत रामचरित मानस भावानुवाद रामायण (माधुरी रामायण) को आफ्नै विशिष्ट प्रकारको स्थान छ। भक्तिमा भक्त कालजयी हुन्छन् कारण भक्तमा भगवान् कृष्णले अर्जुनलाई गीताजीको षोडस अध्यायमा बताउनुभएका अभयादि दैवी सम्पति स्वत: प्रादुर्भाव भएका हुन्छन् । परमात्मा सर्वात्मभावेन समर्पित भक्त उच्चकोटीका हुन अर्थात गीता सातौं अध्यायमा वर्णित चार प्रकारका भक्त मध्ये चारौं-ज्ञानीभक्त हुन् र ती त ज्ञानी त्वात्मैव मे मतम् । (गीता ७/१८) भन्ने भगवानको अभिमतमा आत्मस्वरुप नै हुन्छन् । ज्ञानीभक्त भोली ज्ञानी बनिहाल्छन् । भक्तिज्ञानार्थ कल्वेत भन्ने शास्त्र वचन अनुसार भक्तिको अन्तिम गति हो ज्ञान र ज्ञानको अन्तिम लक्ष्य हो मुक्ति । मुक्ति नै मानव जीवनको सर्वोच्च पुरुषार्थ हो ।

४. प्रभु-दर्शन ठूलासाना गरी १७ ओटा भक्तिपरक अझ विशेष गरी रामपरक कविताहरुको संग्रह हो ।

CC-0. In Public Domain. Digitization by eGangotri

यसमा संकलित सबैजसो कविताहरु वर्णमात्रिक छन्दमा लेखिएका छन् । वंशस्थ, वसन्ततिलका, पृथ्वी, मालिनी, पंचचामर, इन्द्रवशां, इन्द्रवज्रा, उपेन्द्रवज्रा र स्थागता छन्द नै यी कविताहरुमा प्रयुक्त छन्द हुन र एकाध श्लोक स्रग्धरा, शार्दूल विक्रीडत, अनुस्टुप र शिखरिणीमा पनि लेखिएका छन् । वि.सं. २०३२ पौष १२ देखि वि.सं. २०४१ फाल्गुण ३० गते (९ वर्ष २ महिना) भित्र १६ मितिमा (१६ दिनमा) रचिएका सब कविताहरुको श्लोकसंस्था जम्मा ४३६ छ । यिनमा सबभन्दा लामो कविता हो मेरो बद्री यात्रा । मालिनी छन्दमा लेखिएको बद्री केदार, गंगोत्री र यमुनोत्री (उत्तराखण्डका ४ धाम) अनि काशी विश्वनाथ आदिको वर्णात्मक, भावप्रधान, कविताहरु नामक अत्यन्तरोचक र प्रेरक छन् । सगुण साकार ईश्वरको (राम, शिव-पार्वती आदिको) वर्णनमा तिनको आफूप्रतिको कृपामा आफूले घरी घरी पाएको दर्शनमा आधारित यी कविताहरु भक्तिरसामृत वर्णनमा अत्यन्त सफल छन् । प्रभु-दर्शन शीर्षकमा रचिएका पाचँ ओटा कविता यहाँ प्रकाशित छन् र बाँकी अन्य कविताको पनि मूल मर्म प्रभु-दर्शन नै भएकाले शीर्षक अत्यन्त उपयुक्त र सार्थक पनि अनुभूति हुन्छ । हुन त सं. १९९८ देखि सं. २०४८ सम्म रचिएका ३६ ओटा कविताहरुको संग्रह प्रभु-वन्दना सं.२०५२ सालमा प्रकाशित भइसकेको छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

५। कवयित्री माधुरीज्यूमा भक्ति छ, भाव छ, पवित्रता छ, सरलता छ, सगुण परमात्मा राममा सर्वात्मभावेन सर्मपण छ । तीनै भाव र भक्तिलाई अभिव्यक्त गर्ने माध्यम कविताको रोजाइ छ वर्णमात्रिक छन्दोवद्ध कविताको । तर उहाँले गणलाई गन्ने र व्याकरणलाई पच्छ्याउने झमेलातिर नलागेर आफ्ना भावावेगलाई निर्वाध गतिमा गतिशील बनाउनु भएको छ । उहाँबाट यी कविताहरु भक्तिभावनामा ओतप्रोत भएका यस्ता अनगिन्ती रचनाहरु पाएर नेपाली वाङ्मय नै अत्यन्त धनी बनेको छ-भक्तिकाव्यको क्षेत्रमा । कवयित्री माधुरीप्रति नेपाली काव्यसाधकहरुको वन्दना छ । यसरी अविस्मरणीय गुण लगाउनु भएकोमा उहाँलाई परमात्मा रामको, शिवको र सम्पूर्ण देवी देवताको सदाकाल कृपा र दर्शन प्राप्त भइरहोस्। राम्रो यही अनन्त शुभकामना छ । यस्तै यस्तै भक्तिकाव्यहरुको हामी आशा गरौं यसैबाट उहाँको काव्य साधना र ईश दर्शन आनन्दमय शान्तिमय बनोस् । श्री परमात्मा रामका पाउमा यही प्रार्थना छ । यी शब्दावलीद्वारा मैले जुन भावना व्यक्त गर्ने सौभाग्यपाएँ त्यसका लागि काव्यस्रष्टा श्रीमती कवयित्री माधुरी र उहाँका पतिदेव मेरा श्रद्धेय मित्र श्रीमान् नन्ददेव भट्टराईज्यूप्रति आभार व्यक्त गर्दछु ।

शिव-मन्दिर

शिवमस्तु

२०५३ ।३ ।८। ७ शान्तिकुना, जाउलाखेल

CC-0. In Public Domain. Digitization by eGangotri

जय सीताराम

जीवनमा भक्तिको महत्वपूर्ण स्थान छ। भक्तिबाट ईश पदमा पछ्याउन सजिलो हुन्छ। भक्तिमा तल्लीन भए पछि मन एकाग्र हुन्छ। चित्त शुध्दी हुन्छ। चित्त शुध्द भएपछि बाहिरिया राग द्वेष इर्षा माया मोह हटेर भगवत् स्वरुपमा मन लगाउन सकिन्छ। साधनामा विभिन्न मार्ग मध्ये भक्ति साधना आध्यात्मिक चिन्तनमा लाग्ने र पुग्ने राम्रो बार भएको भरेङ हो। यसबाट नै मानिस जन्जालबाट पार पाउन सक्दछ। भगवान्मा शरणागति भई भगवत् कीर्तन मनन चिन्तन पूजा आराधनाका साधना गरेर व्यवहारोन्मुखी विषय आशक्तिलाई हटाएर परम पद पाउन सजिलो हुन्छ। मनमा शान्ति सन्तोष भई परमार्थ सुधार गर्न अवसर मिल्दछ। साधना गरी भगवत् कृपाबाट यस्तो मार्ग भेटिन्छ। यसैले वेद, उपनिषद र पुराणहरुमा जीवनलाई सुधार गर्न भक्तिका महिमा र प्रशंसा बताइएको छ। साधना युक्त भक्तलाई भगवान् पनि आदर गर्नु हुन्छ। भगवान् पनि भक्तको अधीनमा छु भनी भक्ति परम्पराको भागवातमा अम्बरिषको कथामा भनूँ वा अरु विभिन्न स्थानमा भक्तको शक्ति देखाई वैशिष्टय झल्काइएको छ।

यही भक्ति परम्परामा साधनारत गृहिणी श्रीमती माधुरी भट्टराई हुन्। दुइ हातका औंला भन्दा बढी भक्तिका मूल्यवान् पुस्तक लेखि भक्ति काव्यमा चुलुम्म

CC-0. In Public Domain. Digitization by eGangotri

डुबेकी छिन् । व्यवहारोन्मुखी प्रवृत्तिलाई हटाएर भक्तिमा तल्लीन भई आफना ईश भक्तिका काव्यहरुलाई जन समक्ष राखेकी छिन् । उनले नेपालीमा काव्यमय भावानुवाद गरेकी तुलसीकृत रामायण नै ज्वलन्त साक्षी छ । यस ग्रन्थलाई यस कलम लिनेले पहिलो पटक माधुरी रामायण नाम राखी गुण जन समक्ष राखी सकेको हो । भक्तिमा माधुरी भगवत् स्वरुपमा एकाग्रभई तल्लीन भएको उनको रचनाहरुबाट यथार्थ थाहा हुन्छ । यो क्रममा यो भक्ति काव्य प्रभुदर्शन जन समक्ष आउन लागेको छ । भक्ति भावनामा भाव विभोर भई प्रभुको चरणमा बराबर पुगेको यस कविताहरुमा स्पष्ट देखिन सकिन्छ । भक्तिमा चुर्लुम्म डुबी भगवान् नाम रुपी अमृत पिएर भगवत् संस्मरणमा लागेको धेरै जसो कविताहरुमा देख्न पाइन्छ । भगवत् भावनामा डुबी रहेर रस स्वादन गरिरहेको बखतमा छन्दका नियमहरु र गणको अक्षर र व्याकरणका नियममा अल्झिने कुरै भएन । जस्तो आयो उस्तै गरी गङ्गा वहेको जसरी रसामृत जन समक्ष राख्दै विभिन्न छन्दका कविताहरु वहिरहेको छ । प्रेमाश्रुले चरण पङ्कजलाई छोएर पाउमा विलीन हुन खोजिरहेको यी कविताहरुमा देखिन्छ ।

प्रभु दर्शन शीर्षक नै राखिएका कविताहरु धेरै न देखिए पनि सबै कविताहरु प्रभु दर्शनमा केन्द्रित छन् । प्रभु दर्शन नै यस संग्रहको लक्ष्य हुँदा यो शीर्षक सार्थक देखिन्छ । त्यसदेखि प्रभु दर्शन कै क्रममा अयोध्या (सरयु)

CC-0. In Public Domain. Digitization by eGangotri

इलाहाबाद विश्वनाथ र उत्तरा खण्डका चारधाम (बद्री, केदार, गंगोत्तरी र यमुनोत्तरीका) यात्रा र दर्शन विवरण पनि यस भित्र रोचक छ । पद पदमा प्रभुकै संस्मरण छ । सौम्य तथा विन्दु देखि ब्रम्ह सम्म घटघट बासी सीता रामका चरण युगल करकमलमा उनी धूलोको कण जस्तैगरी पद पद्ममा लागेकी छिन् । सीताराम भक्तिमा कवियित्री ज्यादै मोहित छिन् । सीतारामको मधुर रुप, गुण, महिमा, भक्ति आदिमा उनी मुग्ध छिन् । यसो भन्दैमा शिव भक्ति, गणेश भक्ति र देव देवीहरुको भक्ति साथै गङ्गाको महिमा नगाएको पनि होइन । पाञ्चायन देवता सहित विभिन्न देवताहरुको पूजा गर्ने हाम्रो पद्धति हुँदा यी सबै देव देवीहरु नाम रुपले विभिन्न देखिए पनि एकै हुन् । यसरी लेखिका सचेत भई भगवत् आराधनामा तनमन अर्पण गरेको स्पष्ट देखिन्छ । दु:ख पीडा आपद पनि भगवत् कृपा नै सम्झी बिरामी भएर उपचार गर्न पटना जाँदा पनि भगवत् कृपाबाट दर्शन पाएको देखिन्छ। पहिले भनिएको विशाल ग्रन्थ रामायण लेखी छाप्न नसकी यसै रहन गएका अवस्थामा पनि भगवान् समक्ष पुकार गरी कृपाबाट रामायण छापिएको पनि उल्लेख छ । भक्ति परम्परामा सगुण निर्गुण दुबै भक्तिको माध्यम र लक्ष्य पनि एउटै हो । भक्तिबाट ज्ञान र दर्शन मिल्ने हुँदा दुबै बाटोबाट सच्चिदानन्द रुप दर्शन पाएको देखिन्छ । भगवान्को झलमलाकार रुप दर्शन पाएको

CC-0. In Public Domain. Digitization by eGangotri

अमूल्य रत्न यहाँ हुँदा केही कविता टिपेर रस पान गर्ने लोभ हुँदा केही कविता यहाँ टिपिन्छ :-

सगुण निर्गुण दुबै रुपको पनि ता ।
दर्शन दिई बुझाई दियौ अनिता ॥
चिन्मय रुप प्रभुको सब तत्व लाई ।
झलमल गरिकन समसा ममा बुझाई ॥

यस्तो अठोट लिई भक्तिको पवित्र मार्गमा हिड्ने कवियित्री भगवत् शरणागति हुन् । आफना मनका भावहरु भगवान्को पाद पद्ममा बिसाई शरणमा परिरहेको स्पष्ट छ । पवित्र भावनाको आर्तनादहरु हृदय देखि पुकार गरेर यस भवसागर पार लगाउने प्रभु मात्र हुँदा प्रभुमा यसरी पुकारेको देखिन्छ :-

कहाँ जाउँ मेरो शरण् कुन होला रघु पते ।
कहाँ पाउँ तिम्रा पदल मलका दर्शन हरे ॥
पतितका पावन हौ तिमी पनि प्रभो आस गरदै ।
पुकारा तिम्रो नै गरी शरणमा पर्दछु रुँदै ॥

यसरी भगवत् शरणमा रही भगवान् नै आधार मानी साधनामा बढी रहेको स्पष्ट छ । "तमसोमा ज्योतिर्गमय" भनी बैदिक प्रार्थना गर्ने हामी आर्यहरुले दैवी संपत्तिबाट नै अन्धकार र कल्मष हट्ने देखिन्छ । भगवान्को दर्शन पाएपछि करुणा भएर काला अन्धकार रुपी तामसी वृत्ति हट्ने कुरा निश्चय छ :-

मेरो हऱ्यौ हृदयमा सब अन्धकार ।
गर्दै प्रभो हजूरले करुणा अपार ॥

CC-0. In Public Domain. Digitization by eGangotri

झुट्टा छ विश्व सब खेल छ तमासा ।
माया छ गूढ प्रभुकी बुझिदैन खासा ॥

यसरी संसार रुपी भव चक्रमा घुमाएर विभिन्न खेल खेली तमासा देखाउने विधाता हुन् । माया मनमा भएको हुँदा प्रपञ्चमय संसारको कुरा साधरण व्यक्तिले बुझ्न नसकिने देखाइएको छ । भंक्ति ज्ञान रुपी दियो बाले पछि अज्ञान हटदछ । परमात्मालाई बुझेपछि यो बुझिने कुरा हो । अनि प्रभुको नजिकमा पुगिन्छ । यस्ता अपार करुणा देखाउने ईश प्रति कवियित्री नतमस्तक छिन् । यस्तै करुणा भएर नै स्नान गर्न लाग्दा पनि अक्रूरलाई जलैमा कृष्णले दर्शन दिएको कुरा भागवतमा पढे सरह उनले थलमा मात्र होइन जलमा पनि "दर्शन दिनु भै जल मै मलाई " बाट स्पष्ट थाहा हुन्छ । भक्त प्रति यस्तो कृपा भए पछि अन्तर्हृदय देखि मनोरथ भावना पूर्ण गराउने ईश्वर प्रति कृत कृत्य छिन् :-

कस्तो दया हो करुणा निधान ।
अचम्मको खेल लीला तमाम ॥
मनोरथ पूर्ण गराई साहृा ।
पाऱ्यौ मलाई कृतकृत्य प्यारा ॥

सृष्टि गरेर सुमार्गमा लगी दया गरेर शरणागतिलाई पार लगाउने उनै ईश्वर हुन । त्यस करुणा सागर भाव प्रति कवियित्रीको आन्तरिक उदगार स्पष्ट छ ।

कवियित्री अरु मानव जस्तै यस सांसारिक माया जाल भएको यस संसारमा शरीर धारणा गरिरहेकी छिन् ।

CC-0. In Public Domain. Digitization by eGangotri

यस जगतमा जुनसुकै बखतमा पनि अहंकार रत्ती भर पनि छैन । ध्यान मग्न भई आराधना गर्दा ईश्वरलाई देखिन्छ । तर व्यवहारमा रहेर यस मायारुपी संसारमा बस्दा पनि भगवान् समक्ष आर्तनाद पुकार गरी भगवत्को पाद पद्म कैले पाउँला भनी तन्मन भई रहेकी छिन् । बाबु आमा समक्ष बालकले यसोउसो भनी पीर राखे सरह उनी पनि प्राणीका संरक्षक भगवान् समक्ष चिन्तातुरं भई व्यग्र भएर यसरी पुकार गर्छिन् :-

कैले म भन्छु कृतकृत्य भएँ भनेर ।
देखी सबै तिर प्रभुकनमा रमेर ॥
कैले समाउनु पदपद्म भनी कराई ।
पिर्छु हरे हजूरलाई सदा पिराई ॥

यसरी सरल र सरस किसिमले मन खिच्ने गरी यी कविताहरुमा हार्दिक भावना जताततै प्रशस्त छ । यिनीहरुमा माधुरी रस टपटप टल्किरहेको छ । यो भावरस केही मात्रामा भए पनि पान गर्न पाउँदा हामीमा सात्विक गुण जागेर भगवत् चरणारविन्दमा लाग्न मानवसमूहले अवसर पाँउछन । यसरी उनी यस वर्तमान युगमा नारीहस्ताक्षर मध्ये भक्ति काव्यमा शक्त छिन् । सन्मार्गमा उन्मुख गराउने यस्ता काव्य हेर्न पढ्न र मनमा लागेका कुरा लेख्न ईश चिन्तनमयी श्रीमती माधुरी ज्यू र पतिदेव श्रीमान् नन्ददेव भट्टराईबाट सौभाग्य प्राप्त भएकोमा यही भित्ररहेको शव्द "कृतकृत्य" प्रयोग गर्दै यो कलम लिनेले साधुवाद अर्पण

CC-0. In Public Domain. Digitization by eGangotri

गर्दछ । साथै बाललीला गरिरहेको नेपाली साहित्य मन्दिर संस्थालाई फुलाउन फलाउन गहन भक्तिका काव्यहरु प्रकाश गर्न सुअवसर प्राप्त भएको र यो काव्य पनि यही भावनामा प्रकाश गर्ने मौका पाएकोमा गौरवान्वित हुँदै नेपाली साहित्य मन्दिर परिवारका तर्फबाट कवियित्री दम्पती समक्ष कृतज्ञ हुँदै धन्यवाद समर्पण गर्दछ । भगवान् समक्ष यस्ता पावनमयी रसामृत भएका काव्यहरु फेरि फेरि पनि प्रकाश गर्न पाऔँ भनि प्रार्थना पनि गर्दछ । हरि ॐ तत्सत्

धोबीधारा (काठमाडौं)
आषाढ शुक्ल अष्टमी
(श्रावण ९ गते ०५३)

नित्य राज पाण्डे
सल्लाहाकार(सदस्य)
नेपाली साहित्य मन्दिर
काठमाडौं

CC-0. In Public Domain. Digitization by eGangotri

अपार करुणा भयो

भनौं म पापी पतीत कसो गरी ?
पाई दया गद्‌गद् छु म वेसरी
जस्लाई खोजेर अनामा पसी
घुम्छन् महर्षिहरु ध्यानमा वसी
।१।

अहो ! उनै श्री करुणानिधानको
कृपा म माथि हुनगो अपारको
अलभ्य जस्को चरणारविन्द हो
देख्छु म चारैतिर धन्य धन्य हो
।२।

अगम्य छन् जो सुर सिद्धका पनि
उनै दयालो रघुवंश नाथ नि
म माथि गर्छन् करुणा अपारको
भयो जनम् धन्य भएँ कृतार्थ पो
।३।

अपूर्वको सुख्ख अपार लाभ यो
पाई म आफै कृतकृत्य छु प्रभो !
जस्को चरण् चिन्तन सम्म ध्यानमा
गाह्रो हुने भाग्य ठूलो नभै यहाँ
।४।

उनै प्रभो राम जगन्निवासले
गराउनु भो नीज दासी आज रे

CC-0. In Public Domain. Digitization by eGangotri

अपार यस्तो म उपर्दया भयो
वयान आफ्नै म गरुँ कसोरी पो
।५।

महेश ब्रम्हादिक देवतादिले
जस्लाई भज्छन् मन भित्र राखी रे
जस्को लीला नारद गाउँछन् सदा
उन्कै चरण् पाई भएँ म धन्य ता
।६।

गरेछु कैले कुन जन्ममा कति ?
प्रभो ! हजूरका पदपद्ममा प्रिती
रहेछ कस्तो कुन धर्म साधना
दया निधे ! राम दया गऱ्यौ घना
।७।

रहस्य तिम्रो कसरी वुझौं ? म रे
जान्दिन यो मर्म शरण् छु नाथ ! रे.
रहेछ तिम्रो महिमाहरु सवै
कथा नभै राम ! समस्त सत्य नै
।८।

हो रस्मिको पुञ्जकि कोटी सूर्यको ?
हो कि मणिकान्ति कि ता अपूर्व कोटी
अनन्त आनन्द दिने अपारको
कुन कान्ति हो त्यो ? कसरी वुझौं प्रभो
।९।

CC-0. In Public Domain. Digitization by eGangotri

भनौं चरण्लाई म पद्म के गरी ?
कोमल छ त्यस्तो कुन पद्म हे हरि ?
शोभा छ नीलो भनि गाथको पनि
वयान रङ्को कसरी गरौं ? अनि
।१०।
अपार लावण्य र कान्ति सुन्दर
कस्तो छवि हो सुषमा मनोहर ?
के हो ? गजव् कोमल ता भनौं म के ?
माधुर्य त्यस्तो कुन लेख्न सक्छ ए ?
।११।
बले सरि धप्धपी तेज उज्वल
आनन्द गर्ने मन नेत्र शीतल
माधुर्यको सिन्धु समान माधुरी
सौन्दर्य शोभाहरुका सीमा सरि
।१२।
वयान तिम्रो कसरी गरौं प्रभो !
ती दिव्य शोभा छवि अंग अंगको
त्यो सुख्ख भोग्ने भूक भो नयन् दुवै
जिब्रो यसै टक्क भएर बस्छ है
।१३।
प्रभो ! हजूरकै चरणाब्जकोष मै
भ्रमर्वनोस् चीत्त रमेर नित्य नै
यो नेत्र तिम्रै पिई रुप माधुरी-
वनीरहोस् मस्त झुली रहेर की

CC-0. In Public Domain. Digitization by eGangotri

।१४।

प्रभो । हजूरकै चरणाब्जकोष मै
शरण् म पर्छु गरदै पुकार है
दया निधे । नाथ । दया गरी गरी
मलाई रक्षा गर है सधैं भरी

।१५।

हे आर्तका रक्षक । दीनवान्धव ।
हे सत्य सन्धो । सुखराशी । राघव
प्रणात जनका अनुरागी राम । रे
सीता पते गर्छु सधैं प्रणाम रे

।१६।

हे अन्तरात्मा । जगका निवासी
कारुण्यका सागर । विश्वव्यापी
घुमेर चारैतिरवाट राम
गर्छु हजुरलाई सदा प्रणाम

।१७।

श्री सीतारामार्पणमस्तु

०३२ पुष १२

CC-0. In Public Domain. Digitization by eGangotri

गऱ्यौ कृपा नाथ ! ठूलो म मान्दछु ।
भएँ म ता धन्य भनेर ठान्दछु ॥
रोइ कराएर पुकारदै महा
तिम्ले सरि गर्छ दया र को यहा ?
।१।
परन्तु गर्छु धृष्टता अझै म ता
बुझ्दैन यो चीत्त कसै गरेर ता
पाएर तिम्रो करुणा ठूलो प्रभो !
गएँ म ता झन् झन् मातिदै अहो !
।२।
ब्रम्हाण्डका अद्भुत देवतादिका
दर्शन गरायौ म कनै जता तता
अलभ्य देवादिहरु विचित्रका
देखे अनौठा सव भाँति भाँतिका
।३।
महर्षि औ सिद्ध मुनीष योगिले
भरेर आनन्द दिने पुनीत रे
तीर्थादिका दर्शन ती अनेकन
मलाई देखाई दियौ अनुपम
।४।
घुमाई कैलाश र स्वर्ग आदिका
नृत्याङ्गना नृत्यहरु विचित्रका
देखाउछौ अल्मल पारदै हरे !
भएँ मता छक्क परेर पक्क रे

CC-0. In Public Domain. Digitization by eGangotri

।५।

स्वरुप तिम्रो उही विश्वरुपको
  अलम्य र अद्‌भूत जो विचित्रको
मलाई देखाई दियौ दया गरी
  म ता यसै अल्मलमा परें हरि !

।६।

चिम्ले पनि नेत्र म देख्दछु सवै
  आकास नक्षत्र र सूर्य चन्द्र नै
देख्छु म अद्‌भुत अनेक जे जति
  बयान ती सव् चीजका गरुँ कति ?

।७।

देख्छु म आफूकन आफूनै सदा
  चिम्लेर आँखा मन भित्र सर्वदा
योगीहरुलाई समेत दुर्लभ
  देख्छु म योगासन जो अलभ्य छ

।८।

अष्टदल सुन्दर नील पद्मको
  सरोज सोड्षदल जो गुलावि भो
सहस्रदल पङ्कज शिरको सफा
  ती कुण्डलिनी शिर मेरुदण्डका

।९।

देखें सवैलाई यथार्थ झल्मल
  फिंजेर कान्ति रहने ती उज्जल
विचीत्र यस्तो करुणा गरि प्रभो !

CC-0. In Public Domain. Digitization by eGangotri

पाऱ्यौ मलाई अलमल्ल मात्र पो
।१०।
स्तुति हजूरकै अनुपम् अपारको
मीठा मनोहर अति मङ्गल छ जो
अखण्डको कीर्तन राम नामको
सुनाउछौ नीत्य दया गरी प्रभो
।११।
मृदङ्ग भेरी ध्वनी शंख घण्टको
वेणु र वीणा तवला अनेक जो
वाजाहरु ती डमरु डमाडम
सुनाउछौ शब्द सधैं घनाघन
।१२।
पुराण रामायण भागवत् भयो
स्तुति पुकाराहरु जो अपारको
श्रुति स्मृति वेद र चण्डिपाठ को
सुनाउछौ शब्द मलाई राम ! जो
।१३।
के हो तमासा रघुनाथ यो सव
सुन्छु कसोरी भन यो कुरा अव ?
तिम्रै दया हो कि ममा समस्त यो ?
कि छल गऱ्यौ राम ! ठगी मलाई पो
।१४।
पाई हजूरकै करुणा अपारको
देंखे नजरा परम विचीत्रको

CC-0. In Public Domain. Digitization by eGangotri

परन्तु हे नाथ ती सब् झुटा कुरा
के काम लाग्ने छ र ? व्यर्थ हुन् पुरा
।१५।

तिमी विना व्यर्थ छ लोकका कुरा
अनित्य भै अल्मल पारदै पुरा
ठग्छौ मलाई किन ? राम ! यो भन
दयालु यो चाल भएन है सम
।१६।

देखाउदै रामलीला अपारको
ती झाँकीले पो मन हर्दछौ प्रभो !
हेर्छु जति देख्छु हजूरलाई नै
अचम्म मानी कन झुल्दछु म है
।१७।

यस्मै भुलाएर छकाउँदै हरे
गराई मेरो मनमा घमण्ड रे
छल्छौ मलाई किन राम ! हर्दम
गरे पनि नाथ दया अनुपम
।१८।

न जाँच मेरो मन यस् प्रकारले
मता अधम् हुँ भुलछु अवश्य रे
मलाई स्वामिन् ! करुणा कटाक्षले
हेरीरहु नित्य फस्छु नत्र रे

।१९।

CC-0. In Public Domain. Digitization by eGangotri

छकाउँदै नाथ ! अनेक भाँतिले
मलाई ठग्छौ किन व्यर्थ झाँकिले
म ता हजूरकै चरणारविन्दकी
दासी हुँ है नाथ ! सपार जिन्दगी
।२०।

सीता पते ! राम ! दया निधान ! रे
रुन्छु म तिम्रै परि पाउ माथि रे
अलम्य झाँकि करुणा निधानको
देखेर यो मन् अझ लोभिंदै गयो
।२१।

स्वामिन् ! लुकामारी सरि गरि गरि
मलाई छल्छौ किन झाँकिले हरि !
आऊ अगाडि धरि रुप चिन्मय
पिऊं नयन्ले रुप भै म तन्मय
।२२।

त्यो झाँकिको दर्शन मात्रले प्रभो !
वुझेन यो चित्त विचार नाथ यो
देखेर चारैतिर नाथलाई नै
अझैं समाउँ पद पद्म भन्छु है
।२३।

पसेर पृथ्वी वीच लम्पसार भै
रुँदै म तिम्रो चरणारविन्दु मै
कसी अँगालौ भइ पेम व्याकुल

CC-0. In Public Domain. Digitization by eGangotri

प्रेमाश्रुले झर्झर पारी निर्मल
।२४।

चरणकमल्लाई हजूरको प्रभो !
पखालन खोज्दछु नाथ सत्य हो
म खोज्दछु पाउकमल् हजूरको
कसेर छाति वीच धर्न आज जो
।२५।

छरेर वर्षा सरि प्रेम अश्रुले
धुन्छु पदपद्म भनी म खोज्छु रे
विर्षेर सारा भवका ई झन्झट
विलाउनै खोज्दछु पाउमा म त
।२६।

त्यो मञ्जुल मङ्गल रुप चिन्मय
देखाउ श्वामी ! भवको हरी भय
चरण् कमल् श्यामल कोमल प्रभो
म पाउँ शिर्माथि धरेर वस्न पो
।२७।

वर्माग भन्ने अनुराग पूर्ण त
अति मीठो कोमल सार संयूक्तं
हे राम तिम्रो रसदार वोली त्यो
यो कान मेरो प्रभु सुन्न खोज्छ पो
।२८।

अमूल्य वाणी भगवन् ! हजूरको
सुनेर भै विव्हल प्रेमले प्रभो !

CC-0. In Public Domain. Digitization by eGangotri

आनन्दले मस्त भई झुलेर ता
म नाच्न पाउँ भुली देह सम्म ता
।२९।

मुछेर तिम्रै करुणा सुधा विसे
आनन्द गर्ने दुइ कानलाई रे
अमूल्य मीठो अनुराग पूर्णको
सुनाउ वाणी अव राम ! लौन त्यो
।३०।

पाएर तिम्रै अभय दिने सदा
करकमल् यै शिरमाथि सर्वदा
म रम्न पाउँ भुली देह सम्म नै
देखेर मन्मा तिमीलाई टम्म नै
।३१।

सन्ताप हर्ने सुख शान्ति दायक
आनन्द गर्ने मन मुग्ध कारक
त्यो पर्शको सुख्ख प्रभो हजूरको
खोज्छु म शिर्माथि सदैव सत्य हो
।३२।

दयानिधे ! नाथ ! दयालु ! हे प्रभो !
आऊ हरे ! लौन खडा हुन अहो !
अनन्त कोटि रवि तुल्य झल्कँदै
अपूर्व शोभा फिंजी झलमलाउँदै
।३३।

मुहारको दिव्य फिजेर माधुरी -

CC-0. In Public Domain. Digitization by eGangotri

- माधुर्य शोभा छवि अंगमा भरी
शशि सरि के सुषमा मनोहर
मुहारमा कान्ति फिंजेर निर्झर
।३४।

लावण्यको मञ्जुल मूर्ति माधुरी
मुहार तिम्रै छविका सीमा सरी
यो नेत्रले खोज्दछ राम ! हर्दम
अपारको चिन्मयरुप दर्शन
।३५।

विमुग्ध गर्दै मन लट्ठ पारने
फिंजेर मन्दस्मित मोह नासने
यो नेत्रले खोज्दछ नाथ ! हर्दम
शोभाहरु कै प्रभु गर्न दर्शन
।३६।

दया गऱ्यौ राम ! अपारको दया
देखाउदै अद्‌भुत रुप ती नयाँ
मेरो जनम्‌को सव पाप नाशदै
पावन्‌ गऱ्यौ राम ! कृपा गरेर है
।३७।

गरेर आफै करुणा म माथि जो
हे राम ! सीता प्रिय ! यो अपारको
छोड्‌छौ वीचमा किन राम ! राघव !
म ता यसै अल्मलमा परे अव
।३८।

CC-0. In Public Domain. Digitization by eGangotri

जती गरेता पनि है दया अहो !
याचक हुदेनन् कहिं तृप्त हेर जो
पिर्छु हजूरलाई घरि घरि म ता
पुकारी रोएर कराउँदै यता
।३९।

न फर्क है दिन दयाल ! राघव !
तिम्रै दयाले म त मांतिएँ अब
आऊ मलाई छुन देऊ पाउ त्यो
अनि सवै आस हुने छ पूर्ण जो
।४०।

श्री सीतारामार्पणमस्तु
०३२ माघ २१ गते

प्यारा ! प्रभो ! रघुपते ! भनी हा रुदैं म
गर्छु पुकार किन हा ! करुणा हुदैन
हे जानकी जीवन ! हे करुणानिधान !
आऊ म भन्छु भगवन् ! तिमी सत्य ठान
।१।

जान्दिन केही पनि पूजनका विधान
रुन्छु फुकेर भुमिमा अवला अजान
भक्ति हरे ! चरणको रघुनाथ ! छैन
प्रीति पनि हजूरमा किन लागदैन
।२।

विश्वास आस भर गर्दछु राम खाली

CC-0. In Public Domain. Digitization by eGangotri

निर्मल गराउ मनचित्त सवै पखाली
रुन्छु पुकार गरदै सुनिदेउ हेर
श्वामिन् ! नपार अधुरो गरी विन्ती खेर
।३।

खोज्छु सधैं हजूरलाई म नेत्र तानी
वस्छु प्रभो ! हजुर कै भर आस मानी
बुज्छौ प्रभो ! हृदयमा वसीहाल सारा
आऊ अगाडि भनी गर्छु सदा पुकारा
।४।

लागि सवैतिर प्रभो ! प्रभुकै झझल्को
देख्छु खडा वरिपरि प्रभुनै गजव हो
पक्रन्छु पाउँ भनी झुक्छु जसै अगाडि
भाग्छौ तिमी छल गरि किन पक्क पारी
।५।

निर्मोही हा ! नवन राम ! दया निधान
हे राम ! हे प्रणतपाल ! कृपालधाम !
आई अगाडि भगवन् ! कर यो समाऊ
आफ्ना वयान सव सत्य गराऊ आऊ
।६।

त्यो पाउपद्म प्रभुको छुन पाउँ नाथ
पाउँ अखण्ड सुखशान्ति रमा विलाष !
तिम्रो दया रघुपते ! अधुरो भएर
को भो अभागी र ? हरे वीचमै गएर
।७।

CC-0. In Public Domain. Digitization by eGangotri

ठग्छौ छकाई अलपत्र मलाइ पारी
लुक्छौ यसै बीचमहा गरिजाल भारी
के हो ? अहो ! चलन यो भगवन् वताऊ ?
यस्ता दयागरि प्रभो ! बीच मै नजाऊ
।८।

इच्छा-पुरागर-मनोरथ नाथ सारा
लिन्छु सधैं हजूरकै मनले सहारा
पारेर तुल्वुल यसै भगवन् ! नजाऊ
देउ अपार छवि दर्शन राम ! आऊ
।९।

सीतापते ! गरि दया प्रभुले मलाई
लीलाहरु हजूरका सुख शान्ति दायी
दर्शन गराउनु भयो दिइ झाँकी सारा
छाया सरि हुन गईकन ती निराला
।१०।

यो चित्त लोभिन गयो नभएर तृप्त
देउ प्रभो ! अव त दर्शन त्यो प्रदिप्त
कैले कहीं रघुपते ! रवि तुल्य झल्की
देखा पनि पर्दछौ तिमी फर्की फर्की
।११।

तुल्वुल् भयो मन हरे ! रघुनाथ ! राम !
आँखा पनि विकल भो करुणा निधान
छट्पट् भयो हृदय व्याकुल भै खरारे
छल्छौ मलाई यसरी किन ? राम ! हा ! रे !

CC-0. In Public Domain. Digitization by eGangotri

।१२।

ठग्छौ मलाई करुणा गरदै अपार
कोशलपते ! गर दया बीचमा नपार
छल होकी यो ? रघुपते ! कि त यो दया हो ?
देऊ जवाफ यसको हरी दुख् सदाको

।१३।

आनन्दका समूह सुख र शान्ति कारी
सीमा सरि स्वरुपका त्रयताप हारी
त्यो मूर्ति मञ्जुल मनोहर नाथ आज
पाउँ म देख्न सुषमा छवि पूर्ण खास

।१४।

पक्रुँ चरण कमललाई कसी अँगालो
गद् गद् भएर मनको सव फाली कालो
वर्षा सरि जल छरिकन नेत्रवाट
पाउ कमल हजूरको धुन पाउँ नाथ !

।१५।

वेदेहीका प्रिय सखे ! भगवन ! खरारे !
हे कोशलेश ! रघुनन्दन ! रावणारे
हे आर्त नाशन ! रघुवीर दीन प्यारे
राजाधिराज ! गर है करुणा सदा रे

।१६।

श्री सीतारामार्पणमस्तु

०३२, ४, ३

CC-0. In Public Domain. Digitization by eGangotri

प्रभुदर्शन

अहो गजब् के भनौ मत अचम्ममा मानै परें
चरित्र प्रभुको कुनै नवुझी छक्क पक्कै परें
असत्य भनकी म ता ? कित भनु नयन् दोष हो
म दृष्य जति देख्दछु सकल छन् अपारै अहो !

।१।

लीला हजूरका हरे ! कसरी ती भनौं शब्दले
कतै तिमी दगुर्दछौ पछि पछि हरिणकै हरे
विभीषणजीलाई नै शरणमा लिइ नाथले
दियौ अटल राज्य जो ती पनि सव् नजर गरें

।२।

कतै भरत वस्दछन् खनी भूमि जमिन्का तल
त्यही तिमी उदाउँछौ जमिन माथि नै झल्मल
झुकेर पदपद्ममा भरतजी शरण् पर्दछन्
नयन् जल चढाउदै चरणपद्म ती पूज्दछन्

।३।

कहीं अनुज जानकी सहित माग्नलाई विदा
पिता अवधराजका समिप पुग्दछौ फेरी ता
छलेर तिमी भाग्दछौ वनतिरै प्रभो हर्षले
गरें नजर त्यो पनि जमिन माथी राजा ढले

।४।

अहो ! अति विचित्रको हृदयलाई शान्ति दिने
उमङ्ग र पुलक् भई नयनमा खुसी भर्दिने
गरे नजर नाथका गजवको स्वयम्वर्पनि

CC-0. In Public Domain. Digitization by eGangotri

टुटाई धनु शम्भुको सुखदिने अपारै छ नि

।५।

लजाइ खुसिले फुली जनकजा अगाडि वढी
उठाइ जय मालिका धर्दछिन् गलामा अडी
प्रभो ! भन त राम ! यो कसरी दृष्य देखें सवै
भनौ कसरी भ्रम भनी यति त प्रष्ट देखें अझै

।६।

कतै अनि म देख्दछु तिमी त एकलै नाउमा
न ता अनुज छन् अहो ! न ता सीताजी नै साथमा
अहो ! गजव के भयो भनी म गम्दछु भित्र नै
अचम्म परी हे प्रभो ! अनि घुमाउँछु नेत्र नै

।७।

अनी कहिं म देख्दछु पवन पुत्रका हातको-
-गिरि प्रवणद्रोणका उपरमा तिमी नाथ पो
विषाइ जव राख्दछन् जमिन माथी पर्वत अनि
तिमी अलप वन्दछौ त्यहि पहाडका भित्रनि

।८।

गरे कहि त दर्शनै वनमहा कुटी वाहिर
सीताली रमाउने फटिकका शीला माथि र
अनि धनुष वाण लि पहरदार सौमित्रिको
गरे कुटी नजिक नै अति विचित्र दर्शन ती जो

।९।

CC-0. In Public Domain. Digitization by eGangotri

कहि चरण देख्दछु सकल प्रष्ट ती झल्झल
उदाइ रहने अहो ! नख भएर ती उज्वल
प्रभो ! कहि त देखिने धुमिल भै ती छाया सरी
उदाइ अनि अल्पने गजवका सिनेमा सरी
।१०

झलक् दिइ विलाउने सकल झाँकी ती नाथका
म देख्दछु चौतर्फ नै गजव पर्दछु भित्र ता
कृपालु रघुनाथ ! रे भन त यो सवै के भयो
भएँ कि म त पागलै ? कि त नजर दुवै विग्रियो ?
।११।

कतै प्रकट वन्दछिन् चरणवाट गङ्गाजी जो
धरी वसन स्वेत नै मकर माथि वस्ने अहो
वलेर अनि धप्धपी कहिं त ज्योति लिङ्गै वनि
गरें नजर लिङ्ग नै पशुपति वन्यो फेर अनी
।१२।

कतै वीच समुद्रमा परम सुन्दर वाल भै
सुतेर वटपत्रमा चरण चुस्दथ्यौ मस्त भै
वनेर तिमी शेष नै कहिं त फेरी सागर्महा
तुरुन्त लक्षुमण् वनी मकन गर्दथ्यौ छक् यहाँ
।१३।

कतै तिमी महेश भै उभिइ सामु आएर ता
दिई अभय हातले करुण दृष्टि दिन्थ्यौ य ता
बनी त्यहि तुरुन्त नै तिमी त रामका रुपले

CC-0. In Public Domain. Digitization by eGangotri

पसारीकन वाहुली अभय गर्दथ्यौ फेर रे
।१४।
कतै तिमी गणेश भै वसी भवानीका काखमा
पसारी सुढँ वस्दथ्यौ स्मित छरेर नै ओठमा
तुरुन्त तिमी धर्दथ्यौ स्वरुप फेरि मेरो पनि
म ता गजव नै परे ठगिई पक्क पर्छु अनि
।१५।
नपार बीचमा हरे ! यसरी छल् गरी राधव !
म पाउ छुन पाउँ त्यो अव अगाडि नै माधव !
वनाउ महिमा सवै सकल सत्य नै हे प्रभो !
वनोस् नयन तृप्त यो रुप सुधा पिएर प्रभो
।१६।
प्रभो ! यवनकोल औ अधम भिल्ललाई पनि
वनाई नीजदास नै दुःख हऱ्यौ सवैको अनि
हरे ! मकन मात्र ने किन छल्यौ ? रघुनाथ ! हा !
गरे पनि दया ठूलो यसरी वीच पार्छौं हा ! हा !
।१७।
अपार र विचित्रका गरुँ वयान त्यस्को कति
भयो मकन के ? हरे ! कसरी देख्दछ दृश्य ती
नीदान यसको गरौं कसरी ? को सितै ? नाथ हा
दयालु रघुनाथ छौ तिमी वताउ आफै सफा
।१८।

CC-0. In Public Domain. Digitization by eGangotri

अगाडी तिमी नै प्रभो ! कित उदाऊ आएर पो
म पाउ छुन पाउँ त्यो नयन अश्रु झारेर जो
अनि म ता रमाउँला सकल सत्य यो हो भनी
नछोड पदपद्ममा त्यो मन बुझेन व्याकुल वनी
।१९।

श्री सीतारामार्पणमस्तु

०३३, वैसाख, ४

CC-0. In Public Domain. Digitization by eGangotri

प्रभुदर्शन

हेराम ! हे रघुपते ! भगवन् मलाई
मुर्खा छ यो अतिव नै भनी सम्झी हाई !
यस्को कुनै हृदयमा पनि ज्ञान तत्व-
-छैन र वुज्दिन भनी सव सार तत्व
।१।

हेरे पनि त यसले सदग्रन्थ लाई
सुने पनि त मूढले सतवाणीलाई
मूर्खा छ यो अति गवार भनी विचारी
तिम्ले म माथि करुणा गरि नाथ भारी
।२।

छौ विश्वमा तिमी कसोगरी टम्म भन्दै
देखाइ दर्शन दिइकन तत्व जम्मै
मेरो हर्‍यौ हृदयको सव अन्धकार
व्यापक् तिमी कसरी छौ भनी तत्वसार
।३।

छ विश्व यो हजूरमा कुन रीतले ता
भन्ने बुझाइकन फेरी प्रमाणले ता
अद्भुत दर्शन दियौ करुणा गरेर
त्यस्को वयान म गर्रौं कसरी भनेर
।४।

सगुण निगुर्ण दुवै रुपको पनि ता
दर्शन दिइकन बुझाइ दियौ अनि ता
चिन्मय रुप प्रभुको सव तत्वलाई

CC-0. In Public Domain. Digitization by eGangotri

झल्मल् गरीकन समस्त म मा वुझाई
।५।
मेरो हऱ्यौ हृदयको सव अन्धकार
गर्दै प्रभो ! हजूरले करुणा अपार
झुट्टो छ विश्व सव खेल छ यो तमाशा
माया छ गूढ प्रभुकी वुझिदैन खासा
।६।
जस्माथि हे रघुपते करुणा गरेर
हेर्छौ तिमी जगतमा अभय दिएर
त्यो जीव नाथ ! कहिले पनि नाशिदैन
दल्दल् महा जगतको पनि भासिदैन
।७।
छुट्छन् समस्त त्यसका चौराशी भन्दा
छुदैन त्यो कन कुनै गृहकाज धन्दा
कृत्कृत्य वन्दछ सदा प्रभुलाई पाई
छोडेर मोह ममता दी समस्तलाई
।८।
तिम्रो बनिकन ऊ रम्दछ भित्र भीत्र
देखेर यो जगतको रमिता विचित्र
साकार हे रघुपते प्रभुको अनि ता
भन्दैन व्रम्ह म हुँ निगुर्ण नै पनि ता
।९।
निरन्जन निरिह व्यापक भै भनेर
गर्दैन गर्व मनमा कँहि केहि फेर

CC-0. In Public Domain. Digitization by eGangotri

यौटै तिमी जगतमा सव व्याप्त जानी
  झुल्छ सदैव मनमा तिमी आफू ठानी
।१०।
पाइ अनन्त सुख औ त्यसमै रमेर
  विर्सन्छ विश्व भरका सव जाल झेल
यस्तो अपार सुखको महिमा वताई
  दर्शन दिइकन गर्‍यौ करुणा मलाई
।११।
सीतापते ! प्रणतपाल ! दयानिधान !
  पाई दया हजूरकै म छु धन्य जान
विन्ति गरुँ हजूरलाई म फेरी के र ?
  वुज्यौ सवै ह्रदयको म म हाल हेर
।१२।
श्री सूर्यको किरण चम्कि वढेर आई
  छोप्यो सवै मुख भरी पनि ता मलाई
त्यो विम्व आइ रविको मुख माथि मेरो
  हे नाथ ! टासिन गयो छ उदेक धेरो
।१३।
पाई दया हजूरकै अति नै अपार
  गद्गद् भएँ रघुपते ! मिलि जन्म सार
विन्ति गरुँ रघुपते ! अव के म फेरी
  हर्दम म झुल्छु प्रभुकै पदपद्म हेरी
।१४।
श्री सीतारामार्पणमस्तु   ०३३ जेष्ठ ६

CC-0. In Public Domain. Digitization by eGangotri

मेरो बद्रियात्रा

म त अवुझ र जड् छु छैन है ज्ञान केही
कति गुण कविताको भाव र अर्थ फेरी
सरल र गुढ फेरी छन्द व्याकरण सारा
नवरस परिपूर्ण सव् अलङ्कार धारा
।१।

सरस रसहरुले हीन पामर्मलाई
किन रघुपति दिन्छौ प्रेरणा लेख्नलाई
कर वीच लिइ मैले यो कलम राम ! आज़
कसरी भनुँ सवै त्यो दृष्य यथार्थ साथ
।२।

ह्रदय वीच उदाऊ राम ! आएर पैले
अनि तिमी कर मेरो यो चलाउ क्रमैले
भगवन ! अनि होला भाव त्यो सत्य सारा
झुकि चरणकमलमा गर्दछु यो पुकारा
।३।

ह्रदय वीच खरारे वद्रि जाउँ भनेर
अलिकति पनि इच्छा भित्र थिएन हेर
तर रघुपति तिम्रो चाल वुज्ने छ कस्ले ?
कसरी सव घुमायौ तीर्थ मैलाई ऐले
।४।

गरुँ कसरी दयालो ! आज त्यस्को वयान
सकल चरित लेख्छु जो दियौ सत्यज्ञान

CC-0. In Public Domain. Digitization by eGangotri

भगवन ! जव बद्रि जानलाई भनेर
प्रथम शिवजी साथै माग्छु विदा गएर
।५।

भनिकन जव पैले वासुकिमा पुगेर
प्रणत भई गरेथे वन्दना जो झुकेर
अनी तिमी त उदायौ वासुकि मै दयालो
अभय दिइ मलाइ वाहुलीले कृपालो
।६।

घुमिकन अनि फेरि शम्भुलाई झुकेथें
त्यहि पनि तिमी आयौ पक्क पर्दै अडेथें
अनि त प्रभु घुमेरै चार तर्फै रमाई
झिलिमिलि तिमीलाई देख्न थाले मजाई
।७।

जव त अनि उडेथें प्लेन चढ्दै रमेर
नभ भरि तिमी नै ता आउथ्यौ है घुमेर
घरि घरि तिमीलाई देखी आकाश माथि
म त विकल भएँथें प्रेमले चित्त थाकी
।८।

कहिं त तिमी अगाडि जानकी वीच पारी
लक्षुमण पछि हिड्थे दिव्य शोभा फिंजारी
नभ वीच कहिं उड्दै ती पवन्का कुमार
सकल कलुष मेरो मेट्दथे ती अपार
।९।

CC-0. In Public Domain. Digitization by eGangotri

कहिं कहिं अनि फेरि शम्भु औ पार्वती को
रमणीय मृदु शोभा देख्दथे है गजबको
हृदय वीच विचारी गर्दथे तर्क धेर
गमि गमीकन मन्ले के गजव हो भनेर
।१०।
"कसरी यसरी देख्नै सक्दथे दृष्य यस्तो
मन वीच प्रभु ! मेरो पर्न गो भान कस्तो
रघुवीरं ! भन के भो ? यो गजव हा ! मलाई
नजरहरु दुवैकी विग्रियो हाइ ! हाइ !"
।११।
जव त यति विचरी हर्दथे ती नजारा
झलमल सव हुन्थे सूर्य झैं दृश्य सारा
अनि थकित भएरै नेत्र व्याकुल भएर
मन छटपट हुन्थ्यो पाउ छुन्छु भनेर
।१२।
यहि रित सित मा नै पुग्नै गै भैरहवामा
गरिकन पनि गाडि रेलका निम्ती यहाँ
पथतिर सव लाग्यौ गोरखपुरको ता
त्यही पनि अनी देखे दृश्य नाना थरीका
।१३।
जमीन र रुख फेरी झार औ झुपडीमा
वयल र अनि गाडा प्राणी औ पोखरीमा
सकल तिर हजूरनै देख्दथे राम सत्य
मन पुलक भएरै रम्दथ्यौ मस्त मस्त

CC-0. In Public Domain. Digitization by eGangotri

।१४।

चढीकन अनि फेरी रेलमा नै रमाई
अघि अघि जति वढथें देख्थें नाथलाई
वरिपरि जति हेर्थे पाउथें है झलक त्यो
रमि रमीकन हेर्थे खेल सव् ती हजुरको

।१५।

अनि पछि त गजवको नादको शब्द घन्की
स्वर विलिन भएथ्यो रेलको त्यसमा की
प्रणावश्वर उठेरै घन्न घन्केर आई
हृदय पनि भएथ्यो मस्त मेरो विलाई

।१६।

पुगीकन अनि फेरी द्वारमा श्री हरिको
मन पुलक भएरै चित्तमा रम्रमी भो
शरण जव परेथे जान्हवीका चरणमा
मन अधिक रमायो मस्त भै त्यो वखत् मा

।१७।

कल कल ध्वनी गर्दै उर्लिदै वेगसाथ
मकर वीच वसेरै शोभिएकी अगाद
कीरीट र अनि फेरी हार केयूर आदि
मणी भूषणहरुले शोभिई गाथ माथि

।१८।

नयन थकित गर्ने दिव्य राम्रो मुहार
धवल वसन पैह्रि वाहुछन् दिव्य चार

CC-0. In Public Domain. Digitization by eGangotri

अति सय मृदु मिठो मन्द मुस्कान छर्दै
अभयकर उठाइ सामु आइन् म नेरै
।१९।

मन चकित भएथ्यो देखि शोभा अपार
पल वीच तिनी अल्पिन् हेर्दथे वारपार
अति सुखद र फेरी चीत्त आल्हाद गर्ने
अति पुनीत गराइ विश्वको ताप हर्ने
।२०।

रमणीय मन हर्ने त्यो किनारा अपार
निरमल जल देखि धन्य भो जन्म सार
त्रिविध समीर चल्दै हर्दथ्यो श्रम सवैको
नजर गरी नजारा मग्न भो मन् यसै पो
।२१।

जय ! जय ! जय ! गङ्गे ! हे पतित पावनी ! रे
भनि भनिकन रम्दै पानी भित्रै पसी रे
जव त डुवि रहेथे स्नान गर्दै रमेर
मलहरु सवै भाग्यौ चित्त निर्मल भएर
।२२।

वसी हरिद्वार विषे रमेर नै
अनाहत शब्द प्रणाव् सुनेर नै
रमाइ चारौदिन सम्म हर्षले
वस्मै चढयौ जान भनेर धर्मले
।२३।

लागेर वाटो जमुनाजीको अनि

CC-0. In Public Domain. Digitization by eGangotri

पुगेर फैंजानकि चट्टिमा पनि
विश्राम त्यो रात जसै गऱ्यौ अहो
देखे नजारा परम विचित्रको
।२४।

आइन् अगाडि यमुना रमाउदै
पैह्रेर सुन्दर्पित वस्त्र शोभिदै
अत्यन्त शोभा फिजी श्याम गाथले
लगाइ टीका गहना विचित्र रे
।२५।

छरेर मीठो मुसुकान ओठमा
उठाइ वाहु अभय दिदै ममा
मेरै अगाडि उभिइ नीमेष मै
अलप भइन् अल्भलमा परें म है
।२६।

अनि पछी नारद आदिको सवै
देवर्षि योगि मुनि सिद्ध ती सवै
फेरी वसुदेव लिएर माथमा
श्री कृष्णलाई यमुनाजी वीचमा
।२७।

थिए गएका यमुनजी टक्क भै
थिइन् अडेकी दिइ मार्ग वीच मै
देखे नजारा अनुपम अपारको
भयो यसै व्याकुल चीत्त मात्र पो
।२८।

CC-0. In Public Domain. Digitization by eGangotri

देखें पलैमा सव दृश्य यी सव
के हो ? भनी यो अनि चीत्तमा तव
म गम्न लागे मीचि नेत्र यो दुवै
भम्र भो भनी यो कसरी भनौं अझै
।२९।

विश्राम त्यो रात गरेर फेरि ता
लाग्यौ अनि मार्ग तिरै वढेर ता
अपारका दृश्यहरु निहारदै
आनन्दले मस्त भई रमाउँदै
।३०।

पुगेर चाडै यमुनेत्रीमा अनि
यो चित्त गद् गद् हुन गो पुलक वनि
अस्नान हामीहरुले गऱ्यौ तव
ती तप्त कुण्ड वीचमा गइ सव
।३१।

पकाउदै फेरि प्रसाद कुण्डमा
कति रमायौ भई हर्ष चित्तमा
अपार सौन्दर्य अपूर्व दृश्य त्यो
वयान ती सब् कसरी गरौं म यो
।३२।

अनि पतित पावनी क्लेश हारीणी
माता जगत्की-सव-लोक तारिणी
श्री सूर्यपुत्री यमुनाजीको दुवै-
-चरण् समायौ खुसिले रमाउदै

CC-0. In Public Domain. Digitization by eGangotri

।३३।

अनि पछि श्री भगवान सूर्यमा
गऱ्यौं नमस्कार झुकेर पूर्वमा
गएर फेरि सव दुःख तापको-
-विनाश गर्ने हनूमान पादको

।३४।

प्रणाम गर्दै अनि ता तपश्विको
गऱ्यौ पुकारा भगवान सम्झि पो
अनि पछि फेरी रमाउदै सव
भागीरथी मार्ग तिरै हिड्यौ तव

।३५।

अहो ! गजव देखियो त्यसपछि भनौ के म ता ?
सिता र रघुनाथले सकल व्याप्तथ्यो मार्ग ता
जता नजर फेर्दथे त्यहि म देख्दथे राम नै
यसै मन र रमाउथ्यो पुलक गद्गद् मस्त भै

।३६।

थिइन् अनि त उर्लिदै वढिरहेको गंगा अहो !
सुनेर ध्वनी त्यो मिठो मन यसै कृत कृत्य भो
उठाइ पलपल्महा अभय वाहुली सुन्दर
खडाकर गराउँथिन् झिकि तिमी जलै वाहिर

।३७।

मनै पनि विलिन भो अतिव प्रेम व्याकुल वनी
दुवै नजर चिम्लिइ म त वसेछु लाटो वनी

CC-0. In Public Domain. Digitization by eGangotri

खडा नजर भित्र नै रघुपति भए के भयो ?
उघारी अनि चिम्लिनु नजर अर्थ यौटै भयो
।३८।
विचार पनि गर्दथे हृदयमा भयो के ? भनी
भएँ कि म त पागलै अति विचित्र ता यो छ नी
अलभ्य जुन चीज हो कसरी देख्दछु हा ! म ता
भयो मकन भ्रम् भनी यहि विर्चादछु वात ता
।३९।
यसै तरहले अनि जव पुंग्यौं अगाडी वढी
गर्‍यौं चरण पर्शता पतित पावनीको अडी
अपार अति हर्षले अनि नुहाई गंगाजीमा
गर्‍यौ पूजन हर्षले अनि पुगी भगीरथ्जीमा
।४०।
फिरौं भनी फिरे पनी नसकी फर्क नै हामी जो
गर्‍यौ त्यहि मुकाम ता सुनी निनाद गंगाजीको
विहान सकि नित्यको सकल कर्म हामी अनी
गयौ अव गरौं भनी दर्शन ऋषिको पनि
।४१।
पुगेर ऋुषिपाउमा जव गर्‍यौ झुकी वन्दना
भयो मन प्रशन्न औ अतिव मस्ति छायो घना
शरीर सव लट्टियो रघुविरै सरि देख्दा
अपार अति सुख्खको कति गरुँ वयान अहा
।४२।
जसै अभय वाहुली ऋषिजिले दयाले गरी

CC-0. In Public Domain. Digitization by eGangotri

उठाइ यस शिरमा धरनु भो कृपाले गरी
घुमाई दुइ पल्ट नै अभय वक्सनु भो जव
गयो सकल पाप औ तमहरु हराइ सव
।४३।

त्यहि कुटी नगिच नै प्रविण ती महात्माजीका
थिए कुशल शिष्य जो त्यहि पनि गयौ हामी ता
पुगेर गरी वन्दना अनि फिऱ्यौ सवै हर्षले
वढ्यौ पथतिरै अनि सकल जान केदार रे
।४४।

नयन र मनलाई शान्त गर्ने
अतिसय सुन्दर दृश्य ताप हर्ने
कति कसरी गरुँ वयान आज ?
सकल सकिन्छ र भन्न प्रष्ट साथ
।४५।

घर वन र पहाड वृक्ष ताल
चउर वजार र चीज विज बाल
नर पशुहरु सम्ममा समस्त
रघुपति देखी भएँ मस्त मस्त
।४६।

अघि अघि वीचमा सीता लिएर
पछि पछि लक्ष्मण साथ शेभिएर
रघुपति तिनी हिड्दथे रमाइ
म पनि हिडेछु भुलेर नै थकाइ
।४७।

CC-0. In Public Domain. Digitization by eGangotri

कहिं कहिं वनमा सीता लिएका
रघुविर राम थिए वसिरहेका
कहिं कहिं हनूमानका अगाडि
प्रभुजी थिए अनि भाइ ती पछाडी
।४८।

कहिं त लिइ भवानीलाई साथ
प्रभुशशिशेखर नै थिए त्यहाँ त
अतिसय प्रिय त्यो मुहार खासा
कसरी वयान गरौं सवै यहाँ ता ?
।४९।

भगवन रघुनाथ विन्ति गर्छु
यति त कुरा प्रभु साथमै म सोध्छु
भन विच भ्रम हो की ? नाथ ! मेरो
कसरी मिल्यौ दर्शन् ? वताउ घेरो
।५०।

कसरी त प्रभु सम्भुलाई देखें ?
कसरी पछि पछि नाथ कै हिडेथें
रघुपति तिमी छौ अवश्य भित्र
तिमीकन थाहा छदैछ सत्य चित्र
।५१।

यदि सव भ्रम हुन् भने ती सारा
मकन निरन्तर देउ भ्रम पियारा
भ्रम पनि अति नै मीठो छ नाथ !
त्यहि भ्रम नै अव देउ नीत्य साथ

CC-0. In Public Domain. Digitization by eGangotri

।५२।

म पनि त त्यहि दृश्य हेरि हेरी
अनि पुगिएछ्न नी गौरी कुण्ड फेरी
घुसीकन त्यही तप्त पोखरीमा
मलि मली देह नुहाई त्यो धरीमा

।५३।

हटीकन श्रम शान्त चित पारी
पछि गरियो अनि हिड्नकै तयारी
पथवीच अनि हेरदै तमासा
पुगी वसियो अनिवास राम पाडा

।५४।

त्यही वसीकन रात भोरमा नै
अनि पछि मार्ग तिरै वढ्यौ सदा झैं
वन वीच रमिता अगाडि जस्तै
नजर गरिकन हिड्दथे दुरुस्तै

।५५।

वरिपरि प्रभुकै चरित्र हेरी
भइकन गद्‌गद् चित्र भित्र फेरी
खुसिसित पुगिएछ्न शम्भुधाम
गरुँ कसरी त्यस दृश्य कै वयान ?

।५६।

कलकल ध्वनी त्यो सुनेर मिठो
धवल सुशीतल श्री मन्दाकिनीको

CC-0. In Public Domain. Digitization by eGangotri

मन पनि खुसीले फुलेर आयो
  सब जंगका अनी ख्याल नै बिलायो
|५७|

झरझर झरना कहीं झरेका
  अतिसय सुन्दर दृश्यले भरेका
कहीं त हिम झरेर ठाम ठाम
  धवल सफा मइदान झैं तमाम
|५८|

अनि नगिच पुगेर पर्श गर्दै
  जल ती मन्दाकिनि शिश माथि छर्दै
डुविकन जलमा नुहाइ साफ
  पुनीत भयौ गई पापको रवाफ
|५९|

त्यसपछि गई लाम लागि सारा
  शिव सुखधाम केदार गौरी प्यारा
भगवन हरुको पूजा गरेर
  पर्श गरिकन फर्कियौ रमेर
|६०|

खुसी भइकन हामी फेरी साथै
  पुगिकन ता अनि रेतकुण्डमा नै
भरी भरी अंजुली पिएर जल त्यो
  रमी रमी चित्त यसै फुलेर लठ् भो
|६१|

त्यसपछि जल रेतकुण्डको त्यो

CC-0. In Public Domain. Digitization by eGangotri

भल भल माथि उठेर वुल्वुली भो
वुल वुल चौतर्फ नै भएर
अति रमणीय भयो फिंजारीएर
।६२।

अनि पछि जलमै प्रकट भएर
भगवन श्री शिवनै खडा रहेर
कहि कहि शिव लिङ्ग देखदामा
त्यस वीचमा पनि राम नै छुँदामा
।६३।

मन अति खुसिले फुलेर मेरो
शरिर शिरिङ्ग भयो रमेर घेरो
जिउभरी पुलका वली भएर
थर थर कम्प पनि भयो रमेर
।६४।

त्यसपछि सव हामी फर्किएर
जव त वस्यौं पनि वासमा रमेर
त्यसपछि सुनियो त्यहाँ नगीचै
ऋषिछिन् एक भनी ठूला अघिकै
।६५।

महात्माको गरौं हामी गएर दर्शन भनी
गयौं तुरुन्त नै फेरी नगिचै कुटीको पनि
गयौं झुकेर हामीले वन्दना कर जोरदै
आशिक र वचन तिन्ले दिए फेउपदेश नै
।६६।

CC-0. In Public Domain. Digitization by eGangotri

त्यहाँवाट फिरी हामी विश्राम वासमा गरी
भोरमा फकियौ दर्शन् केदार नाथको गरी
वाटो लागे पछि फेरी नाना चित्रविचित्रको
नविन हेर्दै दृश्य चरित्र पनि रामका

।६७।

छहरा अनि कल्लोल कलकल् नदिहेरुका
पहाडहरुका राम्रा नयापन अपारका
हेरर पुगियो फेरी आश्रम श्री अगस्त्यका
ऋषिको दर्शन गर्दै फक्यौ हामी समस्तता

।६८।

वसैवाट गरि दर्शन् देव प्रयाग र अनि
सोन प्रयाग र विष्णु-प्रयाग-रुद्रको पनि
गाउदै हरिकै लीला कीर्तन गरि रमाउँदै
घन्काई वस नै हामी रामकै जय गाउँदै

।६९।

वद्रि विशालको छेउ पुगियो अति हर्षले
परिक्रमा गरि फेरी त्यो रात वसीवासरे
विहान हर्षका साथै तीन थरी तप्त कुण्डमा
नुहाइ नारद कुण्ड सेचन गरियो तहा

।७०।

हेरी अलकनन्दाको कल्लोल रमणीय ता
भयो अपारको हर्ष मन भो परिपूर्ण ता
गयौं आनन्दले गर्न दर्शन वद्रि नाथको
थियो अपारको भीड पाएनौ प्रष्ट साथ जो

CC-0. In Public Domain. Digitization by eGangotri

।७१।

वुझेन चित्त दर्शनले मनमा खलवल मात्र भो
फेरि पनि गयौं गर्न दर्शन भनी साँझको
त्यो वेलामा पनि दर्शन मिलेन भगवानको
खिन्न भयो यसै चित्त नवुझिकन भित्र पो

।७२।

भोलि ता पाउँ है दर्शन भन्दै सम्झि पुकारदै
त्यो रातमा त्यँही बास बसियो खुसि साथ है
विहान भोरमा चाँडै प्रात कृत्य सकेर ता
गयौ गर्न भनी दर्शन् चाडै श्री वद्रिनाथका

।७३।

पट खुल्दै महा हामी पसियो भित्र हर्षले
पायौं आनन्दले दर्शन प्रभुको प्रष्ट साथले
घुमि घुमि गऱ्यौ दर्शन् घरि घरि नगिच मा
पाएँ है रामकै दर्शन् वद्रिका त्यस मूर्तिमा

।७४।

मिची मिची कनै आँखा खोजे स्वरुप बद्रिको
तर देखे उही आफ्ना प्यारा श्री रघुनाथ पो
वुझिन मर्म ता केही मैले यो भगवानको
जव दिनुथियो दर्शन् आफनै राम रुपको

।७५।

पुराए वद्रि मै फेरी मलाई किन रामले
थियो पशुपतिमा नै मिलेकी त्यो स्वरुप रे

CC-0. In Public Domain. Digitization by eGangotri

रहस्य प्रभुको वुज्न सक्ने को छ र ? लोकमा
  पुकारा गर्दछु खाली आसाराखी चरण् महा
।७६।

हेरेरै तस्वीरमा नै गरे दर्शन वद्रिको
  वरु हिमालयको माथी पाएँ सत्य स्वरुपीको
श्री बद्रीनाथ र फेरी भोलानाथ र रामको
  पाएँ लहर नै दर्शन पर्वत् माथि विचित्र जो
।७७।

अनि भो मन आनन्द रमायो चित्त प्रेमले
  गरियो अनि ता दर्शन् घुमी घुमी समस्त रे
खोलानाला अनि सारा वरिपरि घुमि घुमि
  हेरियो रमिता सारा दृश्य ती यात्रुको पनि
।७८।

हुनुहुन्थ्यो तहाँ एक भक्तिनी भगवानको
  गरियो पाउको दर्शन् उनको पनि गएर पो
उहाँ वाट मिली शिक्षा आर्शिवचन प्रेमको
  प्रसाद पनि ता पाई फर्कियो खुसिसाथ जो
।७९।

बास बसी उत्तर काशिमा पनि
  नुहाइ गंगा तीरमा पुगेर नी
आनन्दले हामी रमाउदै अहो !
  फिऱ्यौ अनि मस्त भएर चित्त जो
।८०।

CC-0. In Public Domain. Digitization by eGangotri

त्यहाँवाट फिऱ्यौं सोझै पुगेर ऋषिकेशमा
वस्यौं वास सवै हामी तिनरात त्यहि देशमा
गरियो दर्शन सारा मूर्ति मन्दिरहरुमा
गरियो स्नान गंगाको रमाइकन चित्तमा
।८१।

गरि यो दर्शन फेरी मस्ताराम मुनिशको
आर्शिवचन पायौं हामीले मुनिवाट जो
रमेर अनि ता फेरी डुलीडुली घुमेर ता
रमायौ रमिता हेरी नाना चित्र विचित्रका
।८२।

त्यहावाट अनि हामी देहरादुन नै पुगी
चढियो रेलमा फेरी फिर्न भनीकन पछि
भोलिपल्ट अनि सारा पुग्यौ श्री काशिधाममा
नुहाइकन गङ्गामा विश्राम गरियो तहाँ
।८३।

शम्भुको पुर घुमीकन सारा
दर्शन गरी ती माधव प्यारा
मंगला गौरीको पद पर्दै
विश्वनाथ घुमी दर्शन गर्दै
।८४।

देवी अन्नपूर्णाकन ढोगी
देवी देवहरु सब्कन खोजी
कौडी देवि अनि मानस मन्दिर
राम र सङ्कट मोचन मन्दिर
।८५।

CC-0. In Public Domain. Digitization by eGangotri
पाप नाशिनी मनीकरणीका
  हामी सव्तिर पुगेर घुमी ता
फर्कियौ अनि चढीकन यान
  यहि हो सकल मुख्य वयान
।८६।

छैन झुट यस्मा पनि एक
  साक्षी छन रघुपति डर के छ
भ्रम भयो की मनमा ? अथवा यो
  राम कै अतिव पूर्ण दया हो
।८७।

शाक्षि शंकर उनै हुनुहुन्छ
  सत्य जे छ उहि भन्दिनु हुन्छ
रोग हो कि ? अथवा भ्रम हो यो ?
  दोष नेत्र मनको कुन हो पो ?
।८८।

जान्छन् हृदयमा बसी सारा
  प्रेरणा गरदछन् प्रभु सारा
पकियो कलम मात्र चलाएँ
  लेखता भगवन नै सित पाएँ
।८९।

श्री सीतारामार्पणमस्तु

०३३ श्रावण ११

CC-0. In Public Domain. Digitization by eGangotri

स्वप्न दर्शन

घर धन कुल मेरा सन्तती प्राणप्यारा
पति प्रियजन फेरी वान्धवहरु सारा
भगिनी र अनि इष्टमित्र औ दाजुभाई
भनि भनि इनि सबमै चित्त आफ्नो लगाई
।१।

गरीकन अति प्यारो -प्राण झैं मोह गर्दै
अतिसय ममताले तन्मय मुग्ध पर्दै
रमीकन इनी मानै मग्न पर्दै भुलेर
अति सुख यहि सम्झी भाग्य यहीं भनेर
।२।

भुलिकन इनी सब्मै मग्न पर्दै रमाइ
रमी रमी म रहन्थे विर्सिई नाथलाई
तर अतिव दयाले हे दयालो ! मलाई
दिई अभय उदायौ विर्सिइ दोषलाई
।३।

कुन जुनी वीच मैले नाथ ! कस्तो किसिमको
गरिछु कुन दयालो ! साधना भावना जो ?
भगवन ! करुणाले पग्लिई नाथ आफै
अधम कन दियौ है यो दया दृष्टि साफै
।४।

झलक दिई रहेछौ झाँकिका सव् गजबको
धरि धरि तिमी दिन्छौ स्वप्न नाना थरिको

CC-0. In Public Domain. Digitization by eGangotri

कसरी तिमी उदायौ ? नाथ आएर साफ
यति मकन वताऊ सोद्धछु विन्ति साथ
।५।

दियौ मलाइ स्वप्न यो अपार रुप दर्शन
गरौ वयान के गरी म पर्दछु गजब् झन,
कमण्डलु र दण्ड ती लिएर हातमा पनि
वनेर वाल-व्राम्हण छली वली कनै अनी
।६।

छिपाई एक पाउले समस्त विश्वलाई नै
धरेर एक पाउ ता ती भक्त शिर माथि नै
तिमी खडा थियौ अहो ! थिए समस्त देवता
स्तुति गरी पुकारदै ऋषि मुनि र सिद्ध ता
।७।

वताउँछु म स्वप्न ता अरु पनि गजब्छ यो
मनोहर छ पर्णको कुटी अरण्य माझ पो
त्यही विशाल सुन्दर छ चित्र एक रामको
पूजा गरेर प्रेमले चढाइ धूप दीप जो
।८।

जुटाई अंजली दुवै खडा थिइन् सीता त्यहि
छरेर मन्द हास्य जो पवित्र ओठमा नुही
अपूर्व नील रेशमी छ सारी गाथमा पनि
लगाई लाल चोली जो छ वेणी एक नै अनि
।९।

CC-0. In Public Domain. Digitization by eGangotri

छ रङ्ग गाथको पनि गुलावी स्वेत सुन्दर
छ पाउपोस् पाउमा सफेद जो मनोहर
अचम्मको मिलेर यो अहो ! विचित्र दर्शन
झुके अगाडी नै वढी पाउ पद्म ती छुन
।१०।

उचाली दाहिने चरण् ललाटमा छुवाउदै
मलाइ भन्नुभयो अनि ल माग जे छ चित्त मै
सुनेर वाणी यो मिठो झुकेर पाउमा अनी
गरें विनीत रामको म पाउँ दर्शन भनी
।११।

"म पाउँ भक्ति रामको" भने जस्तै झुकेर ता
मलाइ भन्नु भो अनि मुसुक्क हासदै सीता
"ल हुन्छ पूर्ण आस त्यो मिलेर राम दर्शन
मिलेर भक्ति रामको खुसी हुनेछ है मन
।१२।

"पाउँछेस् पाउँछेस्" भन्दै हातले शिरमा छुदै
सीताले भन्नुभयो फेरि पाउँछेस् जा भनेर नै
दर्शन पाई आमाको त्यो मनोहर मन्जुल
गद् गद् भयो यसै चित्त खुसीले भई निर्मल
।१३।

सुनेर वाणी ती मिठा म फर्किएँ फिँरु भनि
दुइ कदम हिडेर ता म फेरी घुम्दछु अनि
म देख्दछु के भने अनि सीता झुकेर चित्रमा
विनित रामलाई नै गरिरहेकी यो तहा
 ।१४।

CC-0. In Public Domain. Digitization by eGangotri

"नविर्स एकपल् पनि हजूरलाई राम ! हा !
जपिरहुँ हजूरकै पवित्र नाम सर्वदा
सुने जसै यति कुरा म विउझिए झसङ्ग भै
उठे जुरुक्क ता अनि अचम्म पर्दछु अझै
।१५।
गजबछ स्वप्न यो अहो म तर्क गर्दछु सदा
झुलिरहेछ चित्त औ यि नेत्रमा ती दृश्य ता
अचम्मको छ स्वप्न यो मिल्यो मलाइ के गरी
कसोरी स्वप्न देखियो विचार गर्दछु हरि !
।१६।
मलाइ स्वप्न फेरी यो भयो अति अचम्मको
सफेद एक सुन्दर प्रसुति केन्द्र नै थियो
अनि पछि त्यहि थियो गुलावी रङ् सीमन्तीले
वनाइ खाडलै सरी गरेर सात गिन्तीले
।१७।
अपारको थियो तहाँ नलैहरु त पानीका
म ता त्यहि रहेछु है तर्दै हात पानीमा छु
त्यहाँ पछि अनि त्यहि सफेद वस्त्र सुन्दर
धरेकी एक नर्सले म छेउ आइ मन्द र-
।१८।
-मीठो सुवाणीले भनिन ल जाउँ आउ झट्ट रे
कहाँ तिमी अलप् थियौ म खौज्दै थिएँ हरे
रुदैं छ हेर वालक ल लेउ झट्ट काखमा
भनी समाउदै लगिन् अनी मलाई साथमा

CC-0. In Public Domain. Digitization by eGangotri

।१९।

रहेछ मार्ग ता अनि सिमन्टिको सुरेली झैं
वसेर घर्र घस्रदै पुगेछु झट्ट माथि नै
अनि पछि त्यहाँ थियो पलङ्हरु अनेकन
थिए ती मातृ साथमा त्यहाँ शिशु हजारन

।२०।

लगेर त्यहि ठाउँमा मलाइ झट्ट नर्सले
वसाली खाट माथि नै अनि सफेद वस्त्रले
धरेर काख माथि ता तुरुन्त एक वालक
दिएर भन्दछिन् अनि ल पुत्र यो सम्हाल त

।२१।

मेरो देव्रे काखमा सिरपारी
पाउ राम्रा दाहिने तर्फ पारी
उज्जल राम्रो नव निवार्ण श्याम
ज्योति पून्ज झैं छ कान्ति तमाम

।२२।

वाजु वाला वाहुमा पैहिएको
पाउ जेवले पाउछन् शोभिएको
कम्वर्पैटी झल्किदो छ कतिको
मालमा छन् केशरीका टीका जो

।२३।

कालो घुम्रे केशले शोभिएको
लाल सुन्दर पद्म जस्तै भएको

CC-0. In Public Domain. Digitization by eGangotri

आखाँमा छन् गाजल कोश पारी
लाल ओठ छन् सुशोभित भारी
।२४।

हथेली छन् लाल खुलाती
अलि अलि माथि पारी उचाली
अलि माथि पारी उचाली फेर
थिए पाउ झन् सुशोभित हेर
।२५।

कान्छि-आमा-काहीली साथमा नै
हुनुहुन्थ्यो उभिएर म नेरै
देखी यस्तो अद्भुत स्वप्न फेरी
म विउझिँए झस्किई उत्खिेरी
।२६।

व्याकुल भो चित्त मेरो धरमर हुन गो के भयो यो भनेर
परे विच्मै त्रिशङ्कु सरि रघुपति ! हा ! अलपत्र वनेर
नता लाग्दोरहेछ मेरो अवमन घरमा श्वामी छोरा भनेर
नता पाएँ हजूर्के पद छुन पनि ता अङ्कमाल गरेर
।२७।

अज्ञानी मूर्ख छु हा जड अति भगवन् ! छैन सत्सङ्ग केही
जानेकि नै छु केही न त वीचमा सुन्न पाएँ न केही
गुरु कोही छ फेरी न त रघुवीर ! हा ! जाउँ कहाँ म
आज
पाउँ तिम्रो चरण् ती छुन कसरी प्रभो ! भन्नुहोस् विन्ती
आज

CC-0. In Public Domain. Digitization by eGangotri

पुकार–५ पौ ५।१
लाछिमपाप

।२८।

आशा तिम्रै गरेर भयपनि मनमा राखी तिम्रै दयालो
पर्छु तिम्रै शरण्मा निशि दिन मनले सम्भदै है कृपाले
हे राम ! राम ! भन्दै रघुवीर ! भनी हा ! सम्भदै पाउलाई
रुन्छु छट्पट् भएरै रघुवीर ! अव हा ! देउ दर्शन मलाई

।२९।

शारदा शेष वेद गणपति पनि हा ! गर्न जस्को पुकार
सक्दैनन हार मानी उही कन म गरुँ के गरी हा ! पुकार
रुन्छु हा ! राम ! भन्दै मन विच करुणा नाथ सम्भेर तिम्रो
आउ आउ दयालो ! अधम कन पनि पार लाउ कृपालो

।३०।

आऊ आऊ आऊ हा ! राम भन्दै
बिन्ती गर्छु पल र छीन गन्दै
वयान ती नाथ ! तिम्रा हजार
सम्भी सम्भी गर्छु हर्दम पुकार

।३१।

श्रीसीतारामार्पणमस्तु

२०३६ कार्तिक ७

CC-0. In Public Domain. Digitization by eGangotri

प्रभुदर्शन

म पापी हुँ सारै तर पनि प्रभुकै शरणमा
परेकी छु श्वामी ! भर गरी कनै भित्र मनमा
गरि आसा तिम्रै घरि घरि पुकारा गरि गरी
सदा रुन्छु राम ! मन विच ठूलो भर्पनी परी
।१।
कहाँ जांउँ मेरो शरण कुन होला ? रघुपते
कहाँ पाउँ तिम्रा पदक मलका दर्शन हरे !
पतितका पावन् हौ तिमी भनी प्रभो ! आस गर्दै
पुकारा तिम्रो नै गरी शरणमा पर्दछु रुँदै
।२।
दिल दयालो तिमी हौ रघुनाथ ! राम !
हौ आर्त रक्षक भनीकन सुन्छु नाम
अशरण शरण हौ दुखीका सहारा
रुन्छु सदा हजूरकै गर्दै पुकारा
।३।
मेरो पुकारा किन भो सव व्यर्थ ? हरे
श्वामी भयौ किन यसोरी कठोर धेर ?
तिम्रो अमोध छ दया करुणा भनेर
भन्छन् सम्स्त श्रुति शास्त्र र सिद्ध हेर
।४,
तिम्रै सुनेर महिमा करुणा अपार
आए शरण रघुपते ! वीचमा नपार

CC-0. In Public Domain. Digitization by eGangotri

दिदै प्रभो अभय आस गराइ भित्र
  पाछौं यसै विच हरे ! दिई झाकिँ चित्र
।५।

हेर्छु जहाँ उही म देख्दछु नाथलाई
  पाउन्न हा ! किन म ता छुन पाउलाई
व्याकुल भयो हृदय छटपट हुन्छ राम !
  ती पाउलाई छुन पाउ गरी प्रणाम
।६।

आशा पुरागर मलाई दिदै सहारा
  आउ अगाडि रघुनाथ सुनी पुकारा
तिम्रो अमोध सव हुन्छ स्तुती पुकारा
  जो गर्छ प्राणी मनले भनी भन्छ सारा
।७।

म तिम्रो हुँ भन्दै शरण हरदम् पर्दछु रुदै
  प्रभो सम्झन्छु है चरण प्रभुकै झल्झली सधैं
प्रभो ती झाँकीका दर्शनहरुकै हृदयमा
  मनन् गर्छु नित्यै अति गजव संझेर मनमा
।८।

प्रभो भन्छु कैले यि सव भ्रम हुन नेत्र मनका
  म जस्तीमा मिल्थ्यो कसरी सव झाँकी हजूरका
अहो यस्तो दुर्लभ ऋषि मुंनिहरुलाई पनि ता
  कसोरी पाएँ ती दर्शन भनी ? गम्छु अनि ता
।९।

CC-0. In Public Domain. Digitization by eGangotri

म सम्झन्छु कैले रघुपति म आफुकन पनि
भएँ धन्य धन्य भगवन ! कृत कृत्य छु भनी
यसोरी धर्म मै हृदय म भए पागल सरी
सहारा देउ हे रघुवीर ! सबै भ्रमहरु हरी
।१०।

अमोध दुर्लभ यस्तो दिएर दर्शन हरे
विचमै छोडदछौ फेरी भई किन कठोर रे
हुदैन व्यर्थ जो कैले जगमा भनी सुन्दछु
पाई त्यै झांकिका दर्शन् म व्याकुल किन वन्दछु
।११।

भयो मलाई के राम ! यो मन किन रुन्छ हा !
पाउँ छुन चरण भन्दै चित्त विकल वन्छ हा
हेर्दैन चित्तले कैले दुर्गुणहरु आफ्ना
दयालु छौ तिमी भन्दै मनले गर्छ भावना
।१२।

तिमी छौ भावका भुका भनी भन्दछ वेदले
सम्झेर करुणा तिम्रै भावना गर्छ चित्तले
अलपत्र म छु राम ! सम्झी रुन्छु पुकारदै
शरणमा अव ता लेऊ आशा पूर्ण गरेर नै
।१३।

श्री सीतारामार्पणमस्तु

०३६ फागुन २०

CC-0. In Public Domain. Digitization by eGangotri

श्री राम शरणम् मम:

प्रभुदर्शन

धर्म र भयो चित्त अधैंय भो मन
परे म विचमा अलमल्ल भै कन
पापी भनौ कि ? म भनु पवित्र छु
दोधार मै अल्मलिएर त्रस्त छु
।१।
मुर्खा म हुँ दीन हतास निर्वला
विवेक साधनहरु हीन अवला
रहस्य तिम्रो गहिरो अगम्यको
वुझौं कसोरी गूढ दुर्लभ छ जो
।२।
सत्सङ्ग पाएँ न त कोही सन्तको
गुरु न ता कोही छ हा ! म अनाथको
प्रपञ्चमा नै भुली चित्त लाउँदै
सौभाग्य आफ्नो परिवार मानदै
।३।
श्वामी र छोरा घरवार सन्तति
यहि परम् सुख्ख भनेर सम्पति
शाखा वढाएर फुली घमण्डले
"म हुँ" भनी भित्र रमी सदैव रे ॥
।४।

CC-0. In Public Domain. Digitization by eGangotri

भुली रहेकी म थिएँ प्रपञ्चमा
  बिर्षेर तिम्लाई हरे ! समस्तमा
ममत्व मानै कसिएर वेसरी
  डुवी रहेथे "म" भनी सधैं भरी
।५।

मेरो कुनै जन्म विषे कही कतै
  सत्कर्म केही अधिको रहेछ है
दयानिधे ! राम ! हरे ! दया गरी
  तिमी उदायौ भगवन् ! अधी सरी
।६।

देख्छु म तिम्लाई जताततै प्रभो !
  के हो भनी यो ? मन झन हताष भो
अलम्य र जो छु अगम्यको सदा
  अमोध झाँकीहरु नाथ ! वर्षदा
।७।

देख्छु कसोरी रघुनाथ ! यो झन
  अचम्मका दृश्यहरु टनाटन
पाए पनि दर्शन झाँकीका किन ?
  अशान्त यो चित्त हुदो छ हैं झन
।८।

नपाई तिम्रा छुन पाउलाई ती
  व्याकुल भयो चित्त अधैंय भै अति
भ्रममात्र हो की मनका सवै यि ता
  भनेर झन अल्मल हुन्छ चित्त ता

CC-0. In Public Domain. Digitization by eGangotri

।९।

कि नेत्रको हो कि त रोग यो ? हरे
पागल भएँकी म भई विक्षिप्त रे ?
यो हो भनी ठोकी मलाई नाथ ! रे
बुझाउला को सव सत्य जो छ रे

।१०।

जो सुन्दछ शास्त्र पुराण किर्तन
कठिनका रोग ती हुन्की है झन ?
व्याकुल भयो चित्त अशान्त भै
नछोइ तिम्रा पद हुन्न शान्त है

।११।

विचमा परे नाथ ! त्रिशङ्कु झैं अहो !
यो चित घर्मा अव लागदैन भो
पाउकमल ती प्रभुका मुसारदै
रमाउला हा ? कहिले समाउदै

।१२।

सम्झन्छु मन्ले झलमल्ल पाउ ती
सदैव तिम्लाई खडा म देख्छु की
तथापी ती पाउकमल् समाउदै
म झुल्न पाउन्न हरे ! रमाउदै

।१३।

चिम्ले पनि देख्छु खडा हजुर नै
हेरे पनि देख्छु हजूरलाई नै

CC-0. In Public Domain. Digitization by eGangotri

झस्कन्छ यो चित्त विकल् बनेर हा !
के भो मलाई कुन रोग हो ह हा !
।१४।

अमोधको झांकि मिलि हजूरको
यो चित्त व्याकुल किन हुन्छ फेर जो
भएन यो शान्त अझै पनि किन ?
झुलेर आनन्द भई रमिकन
।१५।

अमोध हो दर्शन नाथको भनी
भन्ने म सुन्दैछु पुराणमा पनि
के भो मलाई किन पोल्छ चित्त यो ?
पाए पनि दर्शन नाथको अहो ?
।१६।

तसर्थ यो मन अझ धर्मराउँछ
भ्रम हो कि यो ता ? भनी झन् डराउँछ
कि नेत्रको हो कि त रोग यो ठुलो ?
निदान यस्को कसरी गरौं ? प्रभो
।१७।

विर्सु हजूरलाई भने पनि प्रभो !
सुनी रहन्छु प्रभुकै चरित्र पो
प्रपञ्चमानै म रहुँ रमाउदै
भने पनि देख्छु खडा हजूर नै
।१८।

CC-0. In Public Domain. Digitization by eGangotri

तसर्थ पाउ छुनलाई नाथको
विकल वन्यो चित्त अधिर् भई प्रभो !
नछोई तिम्रा पदपद्मलाई ती
हुदैन यो शान्त कसै गरेर की
।१९।

नछोई तिम्रा चरणारविन्द ती
वुज्दैन यो चित्त अवुझ वनि अति
अमोध हो दुर्लभ झाँकी दर्शन
भने पनि सत्य भनी म मान्दिन
।२०।

तिमी सवैमाथि दयालु हौ सम
कृपाल हे राम ! न होउ निर्मम
अमोध दुर्लभ अभय दिदै सदा
अशान्त यस्तो नगराउ भित्र ता
।२१।

पारेर विचमैं नगराउ अल्मल
देखाउ त्यो चीन्मयरुप झलमल
मुसारदै पाउ कमल् हजूरको
म रम्न पाउँ मन शान्त पारी यो
।२२।

वरिपरि चीत्रहरु हजूरको
हेर्छु जसै अल्मल पारी धेर जो
हुन्छन् सवै झलमल चिन्मय वनी
म ता यसै अल्मल पर्दछु अनी
।२३।

CC-0. In Public Domain. Digitization by eGangotri

देख्छु गगन्मा पनि नाथलाई नै
कोठा र चोटा भूमि शिरमाथि नै
वाटो कुवाटो पशु प्राणिमा सव
देखि हजूरलाइ पक्क छु अव
।२४।

सर्वश्व आधार र प्राण हौ तिमी
मेरा तिमी इष्ट अभिष्ट नै पनि
तिम्लाई नैं गर्छु पुकार सर्वदा
सम्झि चरण् झुक्छु शरण् परेर ता
।२५।

श्रीसीतारामार्पणमस्तु

०३७ जेठ १४

हे जानकी जिवन । राम । दया गरेर
मेरा समस्त दुःख कष्टहरु हरेर
पल्पल्महाँ अभय दी करुण गडेर
रक्षा गर्‍यौं अघि सरी ममता गरेर
।१।

मेरा समस्त परिपञ्च र कर्मलाई-
-पुरा गर्‍यौं जगतको व्यवहारलाई
मेरा समस्त भुल दोषहरु सुधार्‍यौ
पल्पल्पिछे अधिसरि तिमीले वचायौ
।२।

CC-0. In Public Domain. Digitization by eGangotri

थिएँ अनाथ र म ता असहाय दीन
स्नेह दया-नमिलि प्रेम थिएँ महिन
स्नेह दया र ममता तिमीले मलाई-
-दियौ अपार सुख शान्ति सदा उदाई
।३।

यी पाइलैहरु पिछे भवमा वचाई
मेरो उचो गरिदियौ शिर मानलाई
स्वामिन् दयालु प्रभुले करमा समाई
मेरा अभावहरु नाश गऱ्यो उदाइ
।४।

संसारका छल र जाल पिछे वचायौ
झुट्टा फरेवहरुका अनुभव् गरायौ
माया र मोह ममता अनि स्नेहलाई
धन् मात्र हो भनी वुझाई दियौ सुझाई
।५।

ती लाल सुन्दर हथेली सदा फिंजारी
दिदै सदा अभय पलपलमा अगाडी
रक्षा गऱ्यौ भय हरि ममता गरेर
सर्वत्र नै वरिपरि तिमी नै रहेर
।६।

जुन्कालमा जतिथरि व्यवहार पर्छ
आपत र कष्ट पीर ता जति हर्नु पर्छ
त्यो त्यहिं समयमा तिमीले मिलाई
पूरा गऱ्यौ रघुपते ! सव खेललाई
।७।

CC-0. In Public Domain. Digitization by eGangotri

यस्ति अधम उपरमा पनि नाथ भारी
यस्तो अपार करुणा प्रभुकी विचारी
विब्हल म हुन्छु रघुनाथ ! शिथिल भएर
तिम्रा दया र ममताहरु सम्झिएर
।८।

कुन्दोष भूल अपराध र मूर्खतामा
मेरो कुटिल नीच कर्म र पाप महाँ
तिम्ले म माथि रघुनाथ कृपा गरेनौ ?
तानी वचाइकन पार कहाँ गरेनौ ?
।९।

वर्णन् कहाँ कति गरुँ प्रभुको दयाको
को पार हुन्छ प्रभुको नभई कृपा त्यो
तिम्रो दया र ममता करुणा समस्त
सम्झेर विव्हल वनिकन हुन्छ मस्त
।१०।

खेलै र वालपनले नवुझेर केही
भन्थे शरण् म छु भनीकन नाथ ! यही
भुख्मात्र नै वचनलाई पनि सुनेछौ
हर्दम दया गरी अगाडी घुमीरहेछौ
।११।

व्रम्हा र देवहरुलाई अलम्य जो छ
जस्लाई जंगल पसी मुनी खोजदोछ
जस्को पुकार गरि वेद र शेष आई
झुक्छन् गणेश अनि भारति नित्य जाई

CC-0. In Public Domain. Digitization by eGangotri

।१२।

सोही दयालु भगवन् ममता गरेर
खेल, गर्दछन् वरिपरि घुमि आइ हेर
भ्रम हो भनु कि ? मनकोकी भनु विकार ?
कि पागलै हुन गएँ म भइ विसार ?

।१३।

हेरे पनि नयन देख्छु खडा दयालो
चिम्ले पनि अधिक प्रष्ट हुने उज्यालो
सर्वत्र नै वरिपरि तिमी छौ रहेका
हेर्‍यौ जतातिर उतै उभिई रहेका

।१४।

यो के भयो अव मलाई ? भन्यौ कहाँ रे ?
पाउन्न हा किन म ती छुन पाउमा रे ?
हुन्छु विकल अधिक छट्पट् भै जलेर
पाउन्न शान्ति किन दर्शनले रमेर ?

।१५।

कि नेत्रको कठिन हो कि त रोग नै यो ?
वुज्दैन चित्त अनि दर्शनले पनि जो
भन्ला यथार्त कसले ? अव सत्य जो छ
भ्रम्मै परे कि म त अल्मलिएर पो त ?

।१६।

त्यस्तो अपूर्व रुपको छवि देख्नापाई
आनन्दले अधिक मग्न परेर हाई
झुल्दैन यो मन यसै किन लट्पटाई

CC-0. In Public Domain. Digitization by eGangotri

विर्षेर आफूकन पाउ विषे विलाई ?
।१७।

झन् झन् अधिर भई व्याकुल हुन्छ हाई
छुन्छु भनीकन हरे शिव ! पाउलाई
कैले चरण् कमल माथि धरेर माथ
धुला चरण् नयन नीर वहाइ खास
।१८।

विर्षेर आफूकन पाउमहा विलाई
कैले म गद्गद वनी झुलुँला रमाई
रोमाञ्चले शरिर व्याकुल वन्नजाई
नाचेर मस्त वनुला कहिले म हाई
।१९।

यो देहको सुधी भुली डुवी भावमा नै
बिर्सी प्रपञ्चहरुका ममता र मानै
कैले मुसारीकन पाउ रमाउला म
बिर्से झन्झटहरु भवका तमाम
।२०।

श्रीसीतारामार्पणमस्तु

०३७ फागुन ३०

CC-0. In Public Domain. Digitization by eGangotri

कृतज्ञता ज्ञापन गर्दछु

विचित्र तिम्रो छ लिला अपार
दया पनि वुझ्न कठिन्न छ सार
वुझे पछि मर्म सिथिल भएर
म रुन्छु श्वामी ! तिमी सम्झिएर
।१।

पैले वनाएर अशक्त दिन
अधम भनाई वहिरी र हीन
इच्छा पुरा गर्न भनेर मेरो
रची अनौंठा थरी जाल घेरो
।२।

निमित्त पारिकनै औषधिको
भलो र जाने भनी फेरी छिटो
पुऱ्याउदै फेरी त सेतुवन्ध
रच्यौ अनौठा थरीको प्रवन्ध
।३।

दयालु रामेश्वर शम्भुको नै
दर्शन गरायौ परिपूर्ण भो नैं
पुग्थे कसोरी ? न त शम्भुधाम
लग्थ्यो मलाइ कसले र जान
।४।

तरङ्ग हेरेर समुद्रको नै
नुहाउदै ति सव कुण्डको नै

CC-0. In Public Domain. Digitization by eGangotri

कृतार्थ भो चित्त खुसी भएर
सम्झे सफल जन्म भयो भनेर
।५।

कस्तो दया हो ? करुणा निधान
अचम्मको खेल लीला तमाम
मनोरथ पूर्ण गराइ सारा
पार्‍यौ मलाई कृतकृत्य प्यारा
।६।

दयालु श्वामी ! रघुनाथ ! राम !
सीतापते ! हे सुख शान्ति धाम !
कारुण सागर ! हे दयालो !
पर्छु शरण्मा म सदा कृपालो
।७।

कडा कडा दिकन यन्त्रणा जो
अशक्त पारेर पयर्नि यो
पीडा दिई हर्दम एकनास
फेरि पुरायौ पटना महा त
।८।

निमित्त नै औषधि कै गराई
स्विकार वत्ति पनी गर्नलाई
अवध पुराई कन खेल गर्दै
तिम्ले वोलायौ दिप झल्ल गर्दै
।९।

CC-0. In Public Domain. Digitization by eGangotri

नुहाउदामा सरयुमहा ता
आयौ सिता साथ रही खडा ता
पाएर दर्शन झलमल्ल नाथ
अपूर्वको सुन्दर भेष साथ
।१०।

गद्गद् भयौ चित्त खुसी भएर
भएँ म ता धन्य भनी रमेर
सफल भयो जन्म कृतार्थ मेरो
भएँ म ता है कृत कृत्य घेरो
।११।

जरी किनारा झलमल्ल पारी
गुलावी रङ रेशमी सोम्य सारी
हालेर घुम्टो शिर सम्म खासा
मेरै अगाडि रही पानिमा ता
।१२।

झलमल्ल तेजोमय सूर्य जस्तै
फिंजी छटाँ अद्भुत दिव्य उस्तै
पछाडीको दर्शन यो मिलेर
परे म ता अल्मलमा रमेर
।१३।

मुमा ! महारानी ! सीते ! हजूरको
देखी कृपा यो अधमा उपर्को
विव्हल वनी सम्झि चरण् झुकेर
गर्छु नमस्कार शरण् परेर

।१४।

CC-0. In Public Domain. Digitization by eGangotri

माता सीता कै अलि दुर मता-
-पछाडी कोल्टे परि है खडा ता
मेरै अगाडी उभि राम आई
दर्शन दिनु भो जल मै मलाई
।१५।

झलमल्ल तेजोमय रुप खासा
कोटि रवि तुल्य भई प्रकाश
पैह्रिएर पिताम्वर गाथ माथि
खडा हुनु भो प्रभु पानी माथि
।१६।

अपूर्व शोभा रुप माधुरी त्यो
सीमा सरी सुन्दरता भरीको
अमोधको दर्शन पाउँदामा
सार भयो जीवन यो धरामा
।१७।

फेरी इलाहावाद पुगी रमाई
प्रयागको दर्शन गर्न पाई
त्रिवेणीमा स्नान गरेर रम्दै
प्रफुल्ल भो यो मन दङ्ग पर्दै
।१८।

प्रभो ! इलाहावाद भरि समस्त
दर्शन हजूरकै मिलि झट्ट झट्ट
रमें भई गदगद चित्त राम !
प्रयागकै मार्ग भरी तमाम

CC-0. In Public Domain. Digitization by eGangotri

।१९।

पुगेर फेरी शिव धाम काशी
  इच्छा प्रभुकै वुझि चित्तमा की
नुहाउदै श्री मणिकर्णिकामा
  आनन्द पाएँ अति चित्त माहाँ

।२०।

वसी किनारा वीचमा रमाई
  जपेर वस्दा शिव मन्त्रलाई
झलमल्ल देखें शिवलिङ्ग साफ
  जल्मै फिजीं उज्जल कान्ति साथ

।२१।

दर्शन मिल्यो श्री शिवको भनेर
  श्री विश्वनाथै भनी ती चिनेर
गरे नमस्कार शरण् म पर्दै
  झुकेर मन्ले पद माथी पर्दै

।२२।

पीडा चरणको नहुदो त फेरी ?
  के पाउथे घुम्न र तीर्थ हेरी ?
हुन्थे मनोरथ कसरी पुरा ती ?
  पुग्थे अयोध्या कसरी म ता की ?

।२३।

त्यो दीप मेरो अलपत्र हुन्थे
  मनोरथ मन्मन पिल्सिईन्थे
उम्केर यो वन्धन पाशवाट

CC-0. In Public Domain. Digitization by eGangotri

के पाउथे जान हरे ! त्यहा त
।२४।

दया गर्‍यौ श्री करुणा निधान
दिएर पीडा पदमा तमाम
लीला हजुर्को छ विचित्र नाथ !
प्रणाम गर्छु झुकी पाउमा त
।२५।

कृतज्ञता ज्ञापन गर्छु राम !
पर्दै शरणमा प्रभुकै सदा म
दयालु ! श्वाम्री ! करुणा जनाई
दासी वनाउ नजिकै मलाई
।२६।

नछोड श्वामी अव पाखुरा यो
आफ्नै वनाऊ मकनै सदाको
आसा भरोसा प्रभुकै गरेर
पुकार गर्छु म रुँदै भजेर
।२७।

दीन दयालु ! महिमा वचाइ
तार मलाइ दगुरेर आई
पर्छु शरणमा गरदै पुकार
आउ सीतानाथ ! दिदै सहारा
।२८।

यस्तै अनौठा गरि खेल राम !
छपाउ रामायण यो तमाम

CC-0. In Public Domain. Digitization by eGangotri

पऱ्यो अलपत्र हरे ! दयालो !
छापौं कसोरी ? मन यो कृपालो !
।२९।

व्याकर्ण केही पनि ता नबुझने
ती छन्दका नाम कुनै नचिन्ने
म मूर्खका आस पूरा गराइ
पूरा गऱ्यौ राम ! चरित्रलाई
।३०।

त्यसै गरी यो अव छाप सारा
रामायणलाई दिदै सहारा
रोउँ पुकारा गर्दै कहाँ म ?
अल्पत्र गाथा नगराउ राम !
।३१।

श्री सीतारामापर्णमस्तु

०३९,१२,३

CC-0. In Public Domain. Digitization by eGangotri

प्रभुदर्शन

भ्रम हो भनु कि ? भगवन मनको विकार
हो रोगकी नयनको कि त यो अपार ?
कि हो की यो अतिव दुर्लभ जन्म सार ?
धर्मर्भएँ नसकी गर्न प्रभो ! विचार
।१।

देख्छु वरिपरि सवैतिर नाथलाई
चिम्ले पनि नयन झल्मल छौ उदाइ
आकाश औं जमीनमा सर्वत्र नाथ
हर्दम् खडा हजूरलाई म देख्छु साथ
।२।

टेक्ने पनि नभई ठाम यी पैतलाले
कुल्चिन्छ नाथ ! तिमीलाई भनेर हा ! रे
व्याकुल म हुन्छु रघुनाथ ! शिथिल भएर
अल्मल् भई थकित हुन्छु म आतिएर
।३।

पाउकमल् हजूरको नमुसारी नाथ !
वुझ्दैन चित्त भई व्याकुल दुःख साथ
हालुँ भनि चरणलाई प्रभो ! अँगालो
विव्हल, भएर मन रुन्छु सदा दयालो
।४।

सीतापते ! हजूरकै गरछु पुकारा
पाउँ छुन चरण पङ्कज हे सहारा

CC-0. In Public Domain. Digitization by eGangotri

इच्छा र आस अभिलाष समस्त मेरो
  पूरा गऱ्यौ रघुपते ! मनमा रहेको
।५।

वाँकी छ यही अभिलाष दयानिधान
  पाउकमल् हजूरको छुन पाउँ राम !
प्रेमाश्रुले चरणपङ्कजलाइ धोई
  पाउँ म वस्न पदमै शिर राखी रोई
।६।

त्यो झाँकि दर्शन मिले पनि नाथको ता
  हा ! हा ! नपाइकन ती छुन पाउ यो ता
व्याकुल भएर मन रुन्छ भई अधीर
  हा ! राम ! हे रघुपते ! नभएर स्थिर
।७।

नौनी सरि अधिक कोमल नील पाउ
  पाउँ समाउन प्रभो ! अवता उदाउ
झल्मल भई नखमणि जसमा उदाई
  हर्दिन्छ विश्व भरका पीर तापलाई
।८।

त्यहि चरणकमललाई समाइ नाथ
  आशा पुरा गरुँ प्रभो ! सव एक साथ
सीता पते ! भरतका प्रिय दाजु ! राम !
  हे निल्मणि ! गरदछु म सदा प्रणाम
।९।

CC-0. In Public Domain. Digitization by eGangotri

झलमल्ल कोटी रवि झैं रुपका निधान
सीमा सरी स्वरुपका नयनाभिराम
मनोहर मधुर मञ्जुल माधुरी त्यो
शोभा निहारी कृत कृत्य बनु रमी पो
।१०।

आसा पूरागर दयानिधी ! नाथ ! राम !
गर्छु पुकार प्रभुलाई गरी प्रणाम
आफ्नै बनाउ रघुनाथ ! समाति हात
हेरी कृपा नजरले सब तर्फबाट
।११।

तिम्रै म हुँ रघुपते ! अरुछैन कोही
गर्छु पुकार प्रभुलाई सदा म रोई
जान्दिन केही पनि मूर्ख र छु गँवार
सीता पते ! अब त आई तिमी सपार
।१२।

कोटी दिवाकर सरी फिंजी तेज खास
आई उदाई झलमल्ल भएर नाथ !
दिदै सदा अभए नाथ ! खडा भएर
छल्छौ मलाई भगवन् किन हा ! ठगेर
।१३।

पाउन्न हा ! किन म त्यो पदपङ्क लाई
पक्रेर छाति बिचमा कसी रम्नलाई
प्रेमाश्रुले चरण पङ्कज धोई नाथ !
कैले ती पाउ बिचमा धरुला नी माथ

CC-0. In Public Domain. Digitization by eGangotri

।१४।

हो है अगम्य भगवन ! सव झाँकि कै त्यो
दर्शन पनि हजुरका अति दुर्लभ पो
पाए पनि नवुझि चित्त विकल भएर
रुन्छु चरणकमल पक्रु भनी रहेर

।१५।

कैले म भन्छु कृतकृत्य भएँ भनेर
देखी सवैतिर प्रभुकन ता रमेर
कैले समातु पदपङ्ज भनी कराइ
पिर्छु हरे हजुरलाई सदा पिराइ

।१६।

दोधार मै हृदय धर्म र हुन्छ नाथ !
कैले म रुन्छु भई विव्हल एकनास
कैले भएँ अधिक धन्य भनी रमाई
कृतकृत्य ठान्दछु प्रभो ! अनि आफूलाई

।१७।

सुन्दा महाप्रभु चरित्र नवाह पुराण
आनन्द अदभुत दियौ गरुँ के वयान
ती सुख्ख शान्ति र नयाँ अनुभवहरुको
वर्णन गरुँ कसरी भाव दयाहरुको

।१८।

म भन्दछु रघुपते अव आफूलाई
आफै स्वयं अधिक धन्य भनी रमाई
भो जन्म धन्य कृत कृत्य भएँ भनेर

CC-0. In Public Domain. Digitization by eGangotri

आफै म झुल्छु भगवन अति नै रमेर
।१९।

हे राम ! यो कुल भयो अव धन्य मेरो
धन्य भए सकल संतति वास घेरो
माता पिता हुन गए अति धन्य राम
यो जन्म धन्य हुन गो कृत कृत्य राम
।२०।

भो धन्य धन्य कविता पनि राम ! मेरो
कपि कलम् र मंन्न चित्त र भाव घेरो
पल्पल भएँ अधिक धन्य सदा दयालो !
पाई हजूरकन नाथ ! सदा कृपालो !
।२१।

श्री सीतारामार्पणमस्तु

०४० बैसाख ७

CC-0. In Public Domain. Digitization by eGangotri

अमोघ दर्शन

त्यो दिव्य झाँकि प्रभुका स्वरुप
अनन्त कोटी रवि झैं छ खुव
गरौं कसोरी त्यसका बयान
म मुढ मूर्खा अवला अजान
।१।

छन् पैतला लाल् गुलाफ तुल्य
चिन्हादिले गर्दछ मन प्रफुल्ल
झल्मल् भई नख्मणी झल्मलाई
हर्दिन्छ सारा त्रयतापलाई
।२।

नौनी सरि कोमल नील पाउ
सम्झेर मन्ले उसमै विलाउँ
ती गुल्फले हर्दछ चित्तलाई
लाटो वनाएर विलिन गराई
।३।

घेरा लिइ लाल निलो भएको
अत्यन्त नै कोमल देखिएको
साथिलीई पैजनी छम्छमाई
कुर्कुच्चीले हर्दछ रोगलाई
।४।

पिडौलि छन् सुन्दर नील हेर
जानु छ राम्रो त्यस माथि फेर

CC-0. In Public Domain. Digitization by eGangotri

झल्मल भई सुन्दर देखिएको
छ मेखला पीत त पैह्रिएको
।५।

रत्नादिले झल्मल भै खुलेको
छ किङ्कीणी त्यो कटिमा झुलेको
रत्नादिको हार छ छाती माथी
लिएर श्री कस्तुभ लाई साथी
।६।

गज्मोतिको हार छ घाँटि विच
नौरत्नका हारहरु नगिच
वन्मालिका छ तुलसी मिलेको
खुश्वु फिंजारेर झुलिरहेको
।७।

छन् वाहु राम्रा गज सुढ तुल्य
वाजु मनोहर्छ अति अमुल्य
वाला लगाइ नवरत्नवाला
नारी खुलेको छ भई निराला
।८।

छन् मुद्रिका अंगुलीमा सजेको
झल्मल् भई तेज फिंजी रहेको
हथेली छन् लाल खुला रहेका
नख् चन्द्रले कान्ति फिंजी रहेका
।९।

CC-0. In Public Domain. Digitization by eGangotri

लिएर राम्रो धनु वाणलाई
खडा रहेका प्रभुछन् रमाई
सिपी सरि सुन्दर कान माथि
कुण्डल, सजेको छ गरेर साथी
।१०।

चिवुक छ सुन्दर चित्त हर्ने
मनोहर कोमल मुग्ध गर्ने
छन् लाल लाल सुकुमार ओठ
विम्ब फलको लिई कान्ति पोत
।११।

लजाउदै दाडिम पङ्क्तिलाई
हिरा सरी दन्त छ जगमगाई
लाल र नीला भइ पूष्ट गाला
हर्दिन्छ सब्को मन पारी हा ला
।१२।

राम्रो छ हे लोचन पद्म जस्तै
भ्रमर्सरी नानी छ है दुरुस्तै
मनसिजको धनु भैं भएर
सुशोभित छन् भो टेढिएर
।१३।

मुख कमलको रखवारी गर्ने
पालेसरी नाक खडा ठहर्ने
चौडा र पूष्टो सुकुमार माल
शोभिन्छ साथी मिलि है कपाल
 ।१४।

CC-0. In Public Domain. Digitization by eGangotri

धर्के भई केशरीका टिकाले
गर्दो छ शोभा रबिका फिका रे
शिर्माथी छ सुन्दर केश फेरी
भौरा सरी भै मुख पद्म घेरी
।१५।

शिर्देखि पाउ तक शोभिएको
सीमा सरी सुन्दर ता भरीको

मधुर, मनोहर, सुषमा अपार
निछावर हुन्छ करोड मार
।१६।

आल्हाद गर्ने त्रयताप हर्दै
शीतल् गराईकन शान्ति भर्दै
मनोहर मञ्जुल माधुरीले
सफल गरि जन्म भयो खुसी रे
।१७।

श्री सीतारामार्पणमस्तु

०४१ कार्तिक २८

CC-0. In Public Domain. Digitization by eGangotri

अमोध दर्शन

रवि शशि सरि कोटी झल्ल गर्ने प्रकाश
नीज जनहरुका ती दु:ख आपत् अतास
भय विपदहरुको नाश गर्दै रमाई
अभय दिइ सदा नै सुख् दिने शान्ति छाई
।१।

शशि कपूर र कुन्द पूष्प झैं शुभ्र सेतो
मनसिज सरि-कोटी सुन्दर भैरहेको
स्मित फिंजीकन रातो ओठमा शोभिएको
फिंजी अनुपम कान्ति दिव्य शोभा भएका
।२।

शिर उपर छ राम्रो जान्हवीका तरङ्ग
मुकुट सरि जटाले गर्छ मनमा उमङ्ग
वरि परि सव घेरी ती जटाजुटलाई
फणि मणि रहँदोछ कान्ति नौलो फीजाइ
।३।

कुसुमहरु अनेकौं वीचमा शोभिएका
भूषण सरि सजाई चन्द्रलाई धरेका
अनल र शशि सूर्य तीन नेत्र भएका
अगणित स्थिति सृष्टि नाश गर्ने भएका
।४।

धवल अतिव राम्रो मालमा भष्मले नै
त्रिपूण्ड गरि सजेरै उज्जल कान्तिले नै

CC-0. In Public Domain. Digitization by eGangotri
मदन धनु सरि नै टेढिएका भउले
सजिन गई मनोहर भै रहेका अरु रे
।५।

कमल सरिस राम्रो नेत्रमा मन्द हास्य-
-सजिकन उसमाथी फेरि कृपाकटाक्ष
मधुर मदुल गाला लाल सेता भएका
मधुर मधुर कान्ति चित्त हर्ने भएका
।६।

धवल सिपी सरिका कानमा सर्पका नै
सजिकन पनि कुण्डल अदभुत को छ जो नै
मृदुल अतिव राम्रो लाल ती ओठ महा
स्मित छरिकन मीठो सुन्दर देख्दामा
।७।

शङ्ख सरि अति राम्रो घाँटी निलो अपार
घरिकन उसमाथी फेरि ती सर्प हार
विल्व पूष्य अनि वेलिमाल्य रुद्राक्ष साथ
धरिकन मूण्डमाला अदभूतै देखता ता
।८।

गज सूडं सरि सेता बाहुमा बाजु जस्तै
फणि र विंभूति फेरी पूष्प रुद्राक्ष कस्तै
अति सय र सुषमाले शोभिएका अपार
हृदय सकल हर्ने तुल्य ती कोटी मार
।९।

CC-0. In Public Domain. Digitization by eGangotri

भव भय सव हर्ने लाल राम्रा हथेली
नखमणिहरु झल्कि फेरी केही उचेली
नीज जनहरुका सव् दुःख आपत र ताप
हरिकन सुखी गर्ने अभय दि सदा त
।१०।
कटि विच पनि फेरी वाघ छाला छ खास
गजव अतिव राम्रो कान्ति छ देख्दा त
कमल सरह राम्रो पाउ कोमल छ सेता
नखमणिहरु झल्कि कान्ति फैलिरहेका
।११।
अति मृदुल मनोहर पैतला लाललाल
गरुँ कसरी म वर्णन ? कान्ति जो छ विशाल
अतिव सकल राम्रो दिव्य शोभा छवि र
गुणहरु सबका नै छन् ती सीमा सरि र
।१२।
माथ देखि त पैतला तक सवै शोभा अपारैछ जो
वर्णन गर्न सक्यो कसोरी ? अवला मूर्खा अजान म त्यो
सुदकान्ति मनोहर छ सुषमा लावण्य ज्योत्स्ना भरी
मधुर मृदुल सीमा सरहका छन् है सवै माधुरी
।१३।
श्री सीतारामार्पणमस्तु

०४१ कार्तिक २९

CC-0. In Public Domain. Digitization by eGangotri

अमोध दर्शन

राम शशिशेखर एक साथ-
-भएर दर्शन दिई एक साथ
मलाई कृत्कृत्य गराउनु भो
मेरो सबै पाप हटाउनु भयो
।१।

रंत्न मणिले भरि.शोभिएको
फिजेर शोभा रवि झैं भएको
किरिटले हर्दछ चित्तलाई
मुहारको कान्ति दुना गराई
।२।

वेरी जटाबुट फँणिमणिले
सजाइ माला कुसमहरुले
गंगा तरङ्ग छ खिलि रहेको
हिमाम्सुले भाल छ सोभिएको
।३।

त्रिपूण्डले खुल्दछ अर्धभाग
आधा महाँ केशरीका टिका छ
अनङ्गको नै धनु झैं भएर
हेर्दो छ चित्त भउँ शोभिएर
।४।

मन्द स्मितले अति शोभिएका
कृपाकटाक्ष गरदै खिलेका

CC-0. In Public Domain. Digitization by eGangotri

लाल र निलो अनि लाल सेतो
गाला सुशोभित छ भनौं म कस्तो
।५।
हर्दम खडा भै पहरा दिने जो
पाले सरि श्री मुख पद्म भर्को
श्याम र शुभ्र भई नाक हेर
संसार कै हर्दछ ताप देर
।६।
विम्फलको लिइ कान्तिलाई
अत्यन्त नै कोमल शान्ति छाई
छन् लाल लाल दुइ ओट हेर
मिठो मुसुकान फिंजेर धेर
।७।
अनार दाना सरिनै मिलेको
हीरा सरी जग्मग भै रहेको
छन् दन्त पङ्क्ति दुःख ताप हर्ने
चौरासिको रोग विनष्ट गर्ने
।८।
सिपी सरि कर्ण छ शुभ्र श्याम
पुकार सुन्ने दुःखीका तमाम
मनोहर कुण्डल शोभिएको
फणि मणिले अति शोभिएको
।९।
संसारको सुन्दरता समेटी

CC-0. In Public Domain. Digitization by eGangotri

त्यै भारले हो कि झुकेर केही
नीलो र सेतो सुकुमार खासा
चिवुक छ झलमल शान्ति दाता
।१०।

शङ्ख सरिनै त्रिवली परेको
गला छ निलो अति शोभिएको
नौरत्नको हार छ मोति साथ-
-आधामहा शोभित छ फणा त
।११।

बृषभको झैं छ त पूष्ट काधँ
मृदुल् मनोहर् मधुर अघाद
ठोको अनि वाणहरु भरेको
छ फेरी छाला गजवको रहेको
।१२।

गज्मोतिको माल्य र रत्नहार
भूषण्हरुले सजी अर्धभाग
रुद्राक्ष फेरी नरमूण्डमाला
विभूति औ सर्प धरी निराला
।१३।

सुशोभित सुन्दर छाती खासा
हर्दिन्छ सब् यो भवका तमासा
रुद्राक्ष माला विभूति र नाग
कसेर छ उज्जल अर्ध भाग
।१४।

CC-0. In Public Domain. Digitization by eGangotri

वाहु छ राम्रा गज सूडँ जस्ता
  नौरत्नहरुका वाजु छ चन्द्र जस्ता
पैह्रेर वाला मणिरत्न वाला
  नारी खुलेको छ भई निराला
।१५।

वाला वनाइकन नागलाई
  नारी खिलेको छ छवि फिंजाई
औंलाहरु छन् सुकुमार राम्रा
  नख् चन्द्रले हर्दछ चित्त हाम्रा
।१६।

छन् नील कोमल् र वलिष्ट हात
  औठीहरु झल्मल गर्छ खास
छन् शुभ्र राम्रा अनि अर्ध भाग
  झल्मल् भई नखमणि झल्किदा
।१७।

हथेली छन् लाल खुला रहेका
  दु:ख हरि सौख्य दिने भएका
आर्तजनको पीर कष्ट हर्ने
  अभय गर्दै अति शान्ति गर्ने
।१८।

लिएर वाण त्रिशुल सजाई
  संसारको शुल सवै हटाई
झल्मल भई झल्कि रहेछ हात
  अपूर्व शोभा फिजी कान्ति साथ

CC-0. In Public Domain. Digitization by eGangotri

।१९।

पिताम्वर सुन्दर वाघ छाला
पैह्री अनि किङ्किणी रत्नवाला
पिडौली छन् सुन्दर नील सेतो
भव भयादि हरने भएको

।२०।

कोमल् नीलो पद्म सफेद तुल्य
मधुर मनोहर अति नै अमूल्य
छन् पाउ ती सुन्दर शान्ति दाई
हर्ने सवै यो भव रोगलाई

।२१।

राम्रा कमल्का भइ पात जस्तै
औलाहरु कोमल छन् दुरुस्तै
झल्मल् भई नख्मणि झल्मलाई
आनन्दको वर्षण गर्छ छाई

।२२।

गट्टा सरी पंकजको भएर
जोत्स्ना फिंजाएर अपूर्व धेर
मधुर, मनोहर, अति मंगलको
गुल्फहरु गर्दछ झल्मल जो

।२३।

कुर्कुच्चीले हर्दछ चित्तलाई
संसारका रोग सवै छुटाई
छन् पैंतली लाल गुलाव तुल्य

CC-0. In Public Domain. Digitization by eGangotri
कोमल मनोहर अति नै अमूल्य

।२४।

नख्देखी शिख सम्मकै मृदुल औ सुन्दर अति माधुरी
शोभाले मुछिइ गरेर करुणा छर्दै कृपा माधुरी
दर्शन आई खडा भइकन दिदा अन्मोल त्यो माधुरी
धन्य धन्य भएँ कृतार्थ हुनगो यो जन्म है माधुरी

।२५।

श्रीसीतारामार्पणमस्तु

०४१ फागुन १३

CC-0. In Public Domain. Digitization by eGangotri

अमोघ दर्शन

अर्ध नारी नर भएर दर्शन दिई मलाई अहो ।
सीता राम भई उदाउनु भयो मेरो अगाडि प्रभो
जन्म धन्य भयो कृतार्थ म भएँ मेरो हरायो पीर
पाई नाथ सनाथ आज म भएँ दाता दयालु वीर
।१।

माथि माथि रहि वन्दि र ताज
रत्न मणिका हिरा मिसी दाँत
भो अपूर्व छवि कान्ति फिंजेर
कोटी सूर्य सरि कै चमकेर
।२।

घुंघुरे छ अनि श्याम कपाल
वेणी फेरी झुलदोछ विशाल
कोमल अधिक पूष्ट निधार
नील स्वेत र गुलावी अपार
।३।

भौं दुवै मदनका धनु झैं छ
गर्छ रक्षण कमल् मुख कै त
केशरी र अनि विन्दु छ लाल
हर्दिने भवधिका सव जाल
।४।

नेत्र छन् कमलका सरि राम्रो
दु:ख ताप हरने सव हाम्रो

CC-0. In Public Domain. Digitization by eGangotri

ती परेलीहरु सुन्दर हेर
छन् घना भई सुशोभित धेर
।५।

नानी भो मधुकरै सरिको जो
रस् चुसी कमलका रहने पो
हास्य छन् अति मिठो र अमूल्य
पाउँदा जीवन हुन्छ प्रभुल्ल
।६।

कोस पारिकन गाजल धारी
दिव्य कान्ति मुख माथि फिजारी
प्रेम दृष्टि दिइ हास्य फिजेर
हर्दिने स्वजनका दु:ख धेर
।७।

लाल-नील अनि स्वेत गुलावी
छन् कपोलहरु कोमल रागी
नाक सुन्दर खडा रहने जो
भो कडा पहरदार सरीको
।८।

लाल लाल अति कोमल ओठ
मन्द हास्य संगमा मिसी जो त
छन् अति मृदु मनोहर खासा
हर्दिने भवधिका यि तमाशा
।९।

CC-0. In Public Domain. Digitization by eGangotri
दाँत झलमल हिरा सरी की भौं
छन् लहर्भिली अनार सरीको
नील स्वेत मिसिएर गुलावी
भारले झुकी रहे सरी थाकि
।१०।

सुन्दर छ चिउडो कलिलो जो
जो मुना सरह पूष्पहरुको
.कान छन् सिपी समान उदार
आर्त वाणि सुनने दिनको र
।११।

नील स्वेत र गुलावी छ घाटी
संख झैं त्रीवली भैकन छाटी
सुन्दर मृदु मनोहर राम्रो
कष्ट पीर हरने सव हाम्रो
।१२।

मालिका छ अनि रत्नहरुको
हारहरु नवरत्न जडेको
पैह्री फेरि गजमोति र माला
घाटी त्यो हुन गएछ निराला
।१३।

काधँ पुष्ट र विशाल छ राम्रो
वाणले भरि भिरीकन ढोक्रो
काँध माथि अनि सरि छ निलो
झल्किने जरिहरु भरिई जो

CC-0. In Public Domain. Digitization by eGangotri

।१४।

हाथिका सुडँ सरि छन हात
वाजु पैहिकन सुन्दर साथ
लाल चोली जरिले भरिएको
लाउदा त जसमा छ खुलेको

।१५।

रत्न मणिकाहरु जडिएको
झल्ल झल्ल भई झल्किरहेको
पैहिई कनकका शुभ वाला
नारी त्यो झुलीरहेछ निराला

।१६।

निल स्वेत र गुलावी छ हात
सुन्दर औलीछन् जसमा त
औठीलाईकन रत्न जडेका
झल्किएर सुष्मा छ खुलेका

।१७।

चन्द्रझैं नख्मणि झल्कन्छन्
कान्ति फैलिकन जग् मग् गर्छन्
लाल लाल छ हथेली उदार
गर्दिने छिन महा.भवपार

।१८।

वाण औ कमल छ जसमाथी
रोग शोक हरने भवका यी
पाउँदा अभय निर्भय साथ

CC-0. In Public Domain. Digitization by eGangotri

छुट्दछन् जगतका त्रयताप
।१९।

नील सारी र पिताम्बर घेरी-
-पैह्रिएर भइ उज्जल फेरी
किङ्किणी झुलदछ कति माथि
रत्न माणिकाहरु लिइ साथी
।२०।

पाउकोमलं छ पद्म सरिको
नीलस्वेत र गुलावी मिली जो
औलिछन् कमल पात समान
सुन्दर मृदुल कोमल जान
।२१।

नख्मणि छ झलमल्ल भएको
चन्द्र झैं छवि खिचेर रहेको
पद्मका विच गटा सरि वन्दै
गुल्फछन् मधुर शोभित उम्दै
।२२।

लाल पद्म सरी पैतली जो छ
हर्दछन् जगतका दु:ख जो त
फेरि चिन्ह त्यसविच छ राम्रा
हर्दिने जगतका दु:ख हाम्रा
।२३।

शिर देखित पैतलीतक सवै शोभा अपारै छ जो
वर्णन् गर्न सकौ कसोरी ? अवला मुखी अजन-

CC-0. In Public Domain. Digitization by eGangotri

।१४।

हाथिका सुडँ सरि छन हात
वाजु पैह्रिकन सुन्दर साथ
लाल चोली जरिले भरिएको
लाउदा त जसमा छ खुलेको

।१५।

रत्न मणिकाहरु जडिएको
झल्ल झल्ल भई झल्किरहेको
पैह्रिई कनकका शुभ वाला
नारी त्यो झुलीरहेछ निराला

।१६।

निल स्वेत र गुलावी छ हात
सुन्दर औलीछन् जसमा त
औठीलाईकन रत्न जडेका
झल्किएर सुष्मा छ खुलेका

।१७।

चन्द्रझैं नखमणि झल्कन्छन्
कान्ति फैलिकन जग् मग् गर्छन्
लाल लाल छ हथेली उदार
गर्दिने छिन महा. भवपार

।१८।

वाण औ कमल छ जसमाथी
रोग शोक हरने भवका यी
पाउँदा अभय निर्भय साथ

CC-0. In Public Domain. Digitization by eGangotri

छुट्दछन् जगतका त्रयताप
।१९।

नील सारी र पिताम्बर घेरी-
-पैह्रिएर भइ उज्जल फेरी
किङ्किणी झुलदछ कति माथि
रत्न माणिकाहरु लिइ साथी
।२०।

पाउकोमलं छ पद्म सरिको
नीलस्वेत र गुलावी मिली जो
औलिछन् कमल पात समान
सुन्दर मृदुल कोमल जान
।२१।

नख्मणि छ झलमल्ल भएको
चन्द्र झैं छवि खिचेर रहेको
पद्मका विच गटा सरि वन्दै
गुल्फछन् मधुर शोभित उम्दै
।२२।

लाल पद्म सरी पैतली जो छ
हर्दछन् जगतका दु:ख जो त
फेरि चिन्ह त्यसविच छ राम्रा
हर्दिने जगतका दु:ख हाम्रा
।२३।

शिर देखित पैतलीतक सवै शोभा अपारै छ जो
वर्णन् गर्न सकौ कसोरी ? अवला मुखी अजन-

CC-0. In Public Domain. Digitization by eGangotri

-मृदुल मधुर मनोहर छ जो सीमा सरि रुपका- म त्यो
मङ्गल मञ्जुल माधुरी छ सुषमा सरी गुणका
।२४।

श्रीसीतारामार्पणमस्तु

०४१ फागुन १३

अमोघ दर्शन

रवि शशि सरि झल्झल तेजले झलमलाई
मधुर मधुर मीठा मन्द मुस्कान छाई
नरम नरम कोमल लाल वाहु उठाई
अभय दिई मलाइ वस्नु भो सामु आई
।१।

भव भय सव हर्ने दु:ख आपत हटाई
अगणित सव कोटी जन्मको पापलाई
पलक भरमहाँ नै ध्वंस गर्ने रमाई
अरध नर र नारी गौरी औ शम्भुलाई
।२।

शरण परि पुकारा गर्दछु म चरणको
मिलिकन अति दुर्लभ दर्शन यो अगम्को
जनम अव त मेरो धन्य भो यो भनेर
रमी रमी खुसी हुन्छु कृत कृत्य वनेर
।३।

शिर विच छ सुशोभित जान्हवीका तरङ्ग
किरिट छ अनि फेरी गर्दिने मन उमङ्ग

CC-0. In Public Domain. Digitization by eGangotri

भुषण सरी शशिछन् भालमा झल्किएका
भुषणहरु अरुछन् नवरत्न जडेका

।४।

धवल र अलिश्याम पूष्ट चौडा निधार
त्रिपूण्ड गरि छ भष्म फेरी टीका अपार
भउछ धनु सरी नै सुन्दर मारको झैं
सकल कश हर्दै नाश गर्ने छ जो है

।५।

मृदुल अतिव राम्रो पद्म जस्तै छ आँखा
स्मित फिजीकन मीठो छन् अति नै चनाखा
सजिकन पनि फेरी गाजल कोस पारी
कमनिय अति राम्रो दिव्य शोभा छ भारी

।६।

मधुकर सरी चञ्चल नानी कालो छ हेर
मधु चुसिकन मिठो पद्मको मस्त धेर
मृदुल नरम श्याम छन् परेली अपार
कमल वीच रहेको केसरै झैं छ सार

।७।

नरम नरम गाला शुभ्र औ श्याम जो छ
अलि अलि लिई लाली सुन्दर दिव्य पो छ
मधुर मुख कमलको गर्न रक्षा सदा रे
भइकन पनि पाले नाक नै छ खडा रे

।८।

सिपी सरि अति सुन्दर कान जो कोमल छ

CC-0. In Public Domain. Digitization by eGangotri

सजिकन मणिरत्न कुण्डल औ फणि त
दु:खित जनहरुका आर्त सुन्ने पुकार
अति गजव मनोहर देखिने जो अपार
।९।

कमल सरह कोमल लाल माणिक जस्तै
अधरहरु मनोहर देखि नै दिव्य उस्तै
स्मित फिजीकन मीठोलाल ती ओठ वीच
कमनिय अति राम्रो देखिदो छ छवि त
।१०।

लहर सव मिलेरै दाडिम पङ्क्ति जस्तै
धवल अतिव राम्रा छन् हिरा तुल्य उस्तै
झलझल झल गर्ने दाँत झल्किन्छ हेर
नीज जनहरुका सव् दु:ख आपत हरेर
।११।

त्रिभुवन भरिका सव सुन्दर चीज सोरी
झुकिकन पनि फेरी भारले हो की ? घोरी
चिवुक नुही रहेछ मस्त पर्दै झुलेर
भव भय सव हर्दै आर्त जन्का रमेर
।१२।

रमणिय परि धर्का शङ्ख जस्तै भएको
फिंजीकन पनि कान्ति उज्जल भै रहेको
अलि अलि अलि श्याम कण्ठ नीलो छ हेर
फणि र मणिहरुका भुषणले सजेर
।१३।

CC-0. In Public Domain. Digitization by eGangotri

सरस अतिव राम्रो काँध छ पुष्ट हेर
अतिसय स विशाल छाति त्यो अर्ध फेर
धरिकन गजमोति हार औ रत्न माला
विंभूत र विल्व पत्र सर्प रुद्राक्ष माला
।१४।

पहीरी नविन रातो चोली वुट्टा भरेको
नरम नरम कोमल हाथी छाला धरेको
गज सुडँ सरि राम्रा वाहुछन् कोमल जो
विभुति र सर्प वाजु पाखुरामा सजेको
।१५।

विभूति र अनि फेरि सर्प रुद्राक्षले नै-
-सजिकन पनि नारी-काँचका चुँडिले नै
झल झल झल गर्ने मोति हीरा जडेका
पहिरीकन त वाला नवरत्न भरेका
।१६।

अतिव मृदु मनोहर दिव्य कान्ति छ हेर
भनुँ कसरी ? म मुर्खा त्यो सवै सम्झिएर
नरम नरम औंली औठिले शोभिएका
नखमणि जसमाथी छन् सवै झल्किएका
।१७।

नरम कमल जस्तै लाल सुन्दर हथेली
अभयदिइ खडा नै केही माथि उचेली
पहिरीकन गुलावी सारी हिरा जडेका
धरिकन पनि फेरी वाघ छाला रहेका

CC-0. In Public Domain. Digitization by eGangotri

।१८।

कटि वीच पनि फेरी किङ्किणी रत्नको छ
  छम छम गरि भिक्ने शब्द हर्दम मीठो त

चरण अतिव राम्रा सुन्दर पद्म जस्तै
  झल झल झलकन्छन् नख्मणि चन्द्र जस्तै

।१९।

छम छम गर्ने रत्नहरु जडेका
  पहिरी कन त फेरी पाउजेव् शोभिएका
अनि पछि अति लाललाल छन् पैतली जो
  चमक फिंजी रहेका कान्ति फैली अति पो

।२०।

सारा व्रम्हाण्ड भर्का छविहरु सवका सार सारा खिचेर
  कोटीयानुसरीको चमक फिंजी अहो । रुप लावण्य धेर
शिर्देखि पाउसम्म अनुपम सुषमा माधुरी दिव्य शोभा
  पाई दर्शन् भएँ म कृतकृत जगमा जीवनी धन्य भो वा

।२१।

श्रीसीतारामार्पणपस्तु

०४१ फागुन ३०

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

लेखिकाको प्रकाशित केही पुस्तकहरु

१. श्री तुलसीकृत श्री राम चरित्रमानस भावानुवाद रामायण
२. श्री कृष्ण सुधा
३. हाम्रो स्वदेश राम्रो
४. रत्न ज्योती
५. चाहन्छ के ? लोक हाँ !
६. भज गोविन्दम्
७. भुक वेदना
८. स्तोत्र संग्रह
९. आनन्द लहरी
१०. विनय पुकार
११. प्रभु वन्दना